# हेटौंडा उप-महानगरपालिका

## मकवानपुर

# लैङ्गिक हिंसा निवारण रणनीति २०७६-२०८६


## तथा

# बाल विवाह उन्मूलन कार्ययोजना २०७६-२०७८

---

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

# लैङ्गिक हिंसा निवारण रणनीति तथा बाल विवाह उन्मूलन कार्ययोजना




हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## विषय सूची


१. पृष्ठभूमि ....................................................................................... ६

२. अन्तर्राष्ट्रिय महासन्धिहरू र नेपालको प्रतिवद्धता ........................................ ६

३. राष्ट्रिय कानून तथा नीतिहरू ....................................................................... ७

४. वर्तमान अवस्था .................................................................................... १०

५. रणनीति तथा कार्ययोजनाको आवश्यकता र औचित्य ......................................१२

६. रणनीति तथा कार्ययोजना तर्जुमा प्रक्रिया ..................................................१३

७. रणनीति तथा कार्ययोजनाका सिद्धान्तहरू ....................................................१४

८. दूरदृष्टि............................................................................................. १५

९. ध्येय ................................................................................................. १५

१०. लक्ष्य ............................................................................................... १५

११. उद्देश्यहरू........................................................................................... १५

१२. रणनीति तथा कार्यनीतिहरू ....................................................................१६

१३. संस्थागत संरचना ................................................................................ २२

१४. सहकार्य तथा समन्वय .......................................................................... २२

१५. अनुगमन तथा मूल्याङ्कनको व्यवस्था ....................................................... २४

१६. जोखिम तथा न्यूनीकरण ........................................................................ २४

१७. बाल विवाह उन्मूलन कार्ययोजना, २०७६-२०७८ ........................................ २६


हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

# लैङ्गिक हिंसा निवारण रणनीति (२०७६-२०८६)

# तथा

## बाल विवाह उन्मूलन कार्ययोजना (२०७६-२०७८)

### १. पृष्ठभूमि

लैङ्गिक हिंसा भन्नाले महिला, पुरुष वा अन्य लिङ्गी भएकै आधारमा गरीने हिंसा भन्ने बुझिन्छ । लैङ्गिक हिंसाको परिभाषाले महिलालाई मानव अधिकार तथा स्वतन्त्रताको अधिकार प्रयोग गर्नबाट वञ्चित गर्ने र लिङ्गको आधारमा भेदभावका साथै कार्यस्थलमा गरीने यौन दूर्व्यवहार समेतलाई समेटेको छ ।[१] नेपालको सन्दर्भमा "लैंङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनु पर्छ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य, वा धम्कीपूर्ण व्यवहार, दवाब, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेत" पर्दछ ।[२]लैङ्गिक हिंसा बालक, बालिका, महिला, पुरुष, ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक जो कोहीमाथि कुनै पनि स्थानमा कुनै पनि प्रकारले हुन सक्दछ ।

विश्वमा प्रत्येक दिन हरेक तीनमा एक महिला हिंसाबाट पीडित हुने गरेका छन । वर्षमा ४५ लाख व्यक्तिहरू यौन शोषणबाट पीडित हुने गरेकोमा ९८% महिला छन् । सन् २०१७ मा विश्वमा ५० हजार महिलाको हत्या आफ्नै अभिन्न जीवन साथी (intimate partner)वा परिवारकै सदस्यबाट भएको छ ।[३]लैङ्गिक हिंसा शारीरिक र सामाजिक हिंसा मात्र नभई आर्थिक मुद्दा पनि हो । युएनवुमनको लैङ्गिक हिंसाको मूल्य सम्बन्धी एक अध्ययन अनुसार अमेरिकामा हिंसाका कारण प्रत्येक वर्ष ५ खर्ब डलर बराबरको मूल्य चुकाउनु परेको छ । इजिप्टमा लैङ्गिक हिंसाका कारण महिलाहरू काममा नजाँदा ५ लाख काम गर्ने दिन खेर गएका छन् ।[४]महिला र पुरुषबीच रहेकोपारिश्रमिकमा विभेदका कारण मात्रै कुल गार्हस्थ उत्पादन सहित आर्थिक विकासमा विश्व समुदायले ठूलो आर्थिक घाटा व्यहोर्नु परेको छ । विश्वमा यस्तै विभेद कायम रहेमा आर्थिक समानता कायम गर्न अझै २१७ वर्ष लाग्ने भनी ग्लोबल इकोनोमिक फोरमको २०१८ को प्रतिवेदनले प्रक्षेपण गरेको छ ।

---

१ Convention on the Elimination of all Forms of Discrimination against Women (CEDAW) 1979 General Recommendation No. 19, 11th session, 1992.

२ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न बनेको ऐन, २०७२

३ UNODC 2018

४ http://www.unwomen.org/en/news/stories/2017/10/news-event-coverage-launch-project-to-estimate-the-cost-of-violence-against-women-in-the-arab-region

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

बाल विवाह पनि एक प्रकारको लैङ्गिक हिंसा हो । विश्वमा हरेक वर्ष ७० करोड किशोरीहरूको १८ वर्ष नपुग्दै विवाह हुने गर्दछ । विश्वभर हुने बाल विवाहको ५० प्रतिशत दक्षिण एशियामै मात्र हुने गरेको छ । बाल विवाहको असर सम्बन्धी एक अध्ययनले यस्तै स्थिति कायम रहेमा विकासशील राष्ट्रहरूलाई दिगो विकास लक्ष्य पूरा गर्ने समय सन् २०३० सम्म पुग्न खरबौं डलरको आर्थिक मूल्य चुकाउनु पर्ने अनुमान गरेको छ ।[५]

नेपालमा हुने लैङ्गिक हिंसामा शारीरिक हिंसा (कुटपिट, अङ्गभङ्ग, थुन्नु, जलाउनु, मार्नु, बलपूर्वकको गर्भपतन, तेजाब प्रहार), मानसिक हिंसा (डर, धम्की, त्रासपूर्ण व्यवहार, गालीगलौज, झुठ्ठा आरोप, बेइज्जती, भेदभाव, साइबर अपराध, चरित्र हत्या), आर्थिक हिंसा (साधन स्रोतबाट बञ्चिती, ज्यालामा बिभेद, रोजगारी र आय आर्जनबाट बञ्चिती, कार्यस्थलमा हुने हिंसा), सामाजिक हिंसा (बाल विवाह, बहुविवाह, करकापमा विवाह, कम उमेरमा हुने विवाह, घरेलु हिंसा, दाइजो जनित हिंसा), प्रथा/परम्पराजनित हिंसा (बोक्सीको आरोप र यातना, छुवाछुत, छाउपडी, देउकी, झुमा, कमलरी), यौनजन्य हिंसा (बलात्कार, दूर्व्यवहार, हैरानी, यौन यातना, शोषण, वैवाहिक बलात्कार, मानव बेचबिखन तथा ओसारपसार) आदि पर्दछन् । यस प्रकारको हिंसा धर्म, ठाउँ, जातजाति, उमेर र आर्थिक अवस्थाको आधारमा फरक प्रकारका हुन सक्दछन् । वर्तमान सन्दर्भमा वैदेशिक रोजगारका कारण धेरै परिवारहरूको विखण्डन भई बालबालिका, महिला, पुरुष तथा ज्येष्ठ नागरीकहरू समेत लैङ्गिक हिंसाबाट प्रभावित भएका र जोखिममा परेका छन् ।

लैङ्गिक हिंसा र बाल विवाहबाट महिला र पुरुष दुवै वर्ग पीडित हुन सक्ने र दुवैलाई नकारात्मक प्रभाव पर्न सक्ने भए तापनि हिंसाको संख्या र परिणाम हेर्दा पुरुषभन्दा महिला अत्यधिक संख्यामा प्रभावित हन्छन । २०६८ को जनगणना अनुसार नेपालका १२ जिल्लाहरूमा छोरी जन्मने संख्या कम हुन थालिसकेको देखिएको छ । बालमजुर सरोकार केन्द्र नेपाल (CWIN) को एक प्रतिवेदनले सामान्यतया १०५ छोरा जन्मंदा १०० छोरी जन्मिने भनी उल्लेख गरेकोमा अहिले नेपालका कतिपय स्थानमा १३० छोरा जन्मंदा केवल १०० मात्र छोरीहरू जन्मने गरेका छन् ।[६] विश्व बैंकको प्रतिवेदन, २०१९ अनुसार शिक्षामा बालिका भर्नादर बृद्धि भए तापनि छात्रछात्रबीचको असमानताको अनुपात भने अहिलेसम्म कायमै छ । छोरालाई सरकारी विद्यालयमा र छोरीलाई निजी बिद्यालयमा पढाउने गरीन्छ । प्राबिधिक शिक्षामा पुरुषको तुलनामा महिलाको संख्या ज्यादै न्यून छ । इन्जीनियरिङ्ग क्षेत्रमा महिलाहरूको सहभागिता केवल १५% मात्र छ भने बिज्ञान क्षेत्रमा २५% मात्र छ । नेपालमा ३७% बालिकाहरूको विवाह १८ वर्ष नपुग्दै हुने गरेका छन् । बाल विवाह हुने मुलुकमा

---

५ http://www.worldbank.org/en/news/press-release/2017/06/26/child-marriage-will-cost-developing-countries-trillions-of-dollars-by-2030-says-world-bankicrw-report

६ CWIN Study, 2013

दक्षिण एशियामा भारत र बंगलादेशपछि नेपाल तेस्रो स्थानमा पर्दछ ।[७]नेपालमा प्रत्येक १,००० मध्ये ८८ बालबालिकाको जन्म किशोरी आमाबाट हुन्छ । २० वर्षमुनिका ३७.५%बालिकाहरूले घर वा अन्य असुरक्षित स्थानमा सुत्केरी गराउने गरेका छन् ।[८]म्याग्दी र मकावानपुर समेत गरि नेपालको १५ वटा जिल्लामा गरेको अध्ययन अनुसार ४२७७ जना महिलाहरुसँग गरिएको अन्तरवार्तामा ८६ % महिलाहरुको विवाह २० वर्ष नपुग्दै भएको र ५८ %महिलाहरु २० वर्ष नपुग्दै गर्भवति भएको उल्लेख गरेको छ । ती मध्ये ५४ %विवाहित महिलाहरुले २० वर्ष नपुग्दै १ देखि ३ जना सम्म सन्तान जन्माएको र विवाहित महिलाहरु मध्ये २० देखि ३९ वर्षका ७१ %महिलाहरु (आङ खस्ने)Pelvic Organ Prolapse समस्याबाट गुज्रिनु परेको र प्रसुती नाल्वरण (Obstertic Fistula)बाट समेत पीडित हुने गरेकोपनि अध्ययन प्रतिवेदनहरूमा उल्लेख छ ।[९]यस प्रकारका हिंसाका प्रमुख कारणहरू महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसख्यंकबीच कायम रहेको लैङ्गिक भेदभाव, पितृसत्तात्मक संरचनामा आधारित सामाजिक मूल्य मान्यता र असमान शक्ति सम्बन्ध हुन् । अधिकांश महिलाहरू आर्थिक गणना नहुने न्यूनतम पारिश्रमिकभन्दा कम वा पारिश्रमिक विहीन र सामाजिक सुरक्षा न्यून रहेको घरेलु काम जस्ता अनौपचारिक क्षेत्रमा मात्र सीमित रहनु पनि हिंसाका कारण र परिणाम दुबै हुन् ।

लैङ्गिक समानता कायम गरी लैङ्गिक हिंसा र बालविवाहको अन्त्य गर्ने सम्बन्धमा नेपालले विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गरी राष्ट्रिय स्तरमा संविधान लगायत विभिन्न नीति तथा कानूनहरूको तर्जुमा गरेको छ । स्थानीय तहबाट पनि समाजमा विद्यमान बालबालिका तथा महिला विरुद्ध लक्षित विभिन्न प्रकारका दूर्व्यवहार, शोषण, हिंसा निर्मूल पार्न नीति रणनीतिहरू तर्जुमा गरी सोही अनुरुप कार्यक्रम सञ्चालन गर्न जरुरी छ । यसै सन्दर्भमा संघीय संरचना अन्तर्गत हेटौंडा उप-महानगरपालिकाले बालबालिका र महिला विरुद्ध लक्षित हिंसासम्बोधन गर्नुपर्ने आवश्यकता महशुस गरी स्थानीय सरकार कार्य सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रही यो लैङ्गिक हिंसा निवारण रणनीति ( २०७६-२०८६) तथा बाल विवाह उन्मूलन कार्ययोजना (२०७६-२०७८) लागू गरेको छ ।

## २. अन्तर्राष्ट्रिय महासन्धिहरू र नेपालको प्रतिवद्धता

नेपाल मानव अधिकार सम्बन्धी २४ वटा अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र भई मानव अधिकारको संरक्षण, लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण र बाल विवाह उन्मूलनको सम्बन्धमा पक्षराष्ट्रको हैसियतले प्रतिवद्धताहरू व्यक्त गरेको छ । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि

---

[७] UNICEF Report, 2016.

[८] NDHS, 2016

[९] Study on Selectedd Reproductive Health Morbidities among Women attending Reproductive Health Camps in Nepal, Government of Nepal, MOH, DHS, FHD and UNFPA, 2016

सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो ।[१०] नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमध्ये शिक्षामा भेदभाव विरुद्धको महासन्धि, १९६०; नागरीक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९;बाल अधिकार सम्बन्धी महसन्धि, १९८९; द्वन्द्वबाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र, १९७४; महिला विरुद्धको हिंसा उन्मूलन सम्बन्धी घोषणापत्र, १९९१; अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६; संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट महिला, शान्ति र सुरक्षाका सम्बन्धमा पारित प्रस्ताव नं १३२५ र महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा विरुद्धको प्रस्ताव नं १८२०, प्रस्ताव नं १८८८ प्रमुख हुन् । उक्त महासन्धिका विभिन्न समितिहरूले समय समयमा नेपालको लागि दिएका सिफारिसहरू कार्यान्वयन गर्नु पनि सरकारको दायित्व हो ।

यसका अतिरिक्त १९४६ मा लैङ्गिक समानताको लागि संयुक्त राष्ट्रसंघ अन्तर्गत महिलाको स्थिति सम्बन्धी आयोग (Commission on the Status of Women) स्थापना भई सन् १९७५, १९८०, १९८५ र १९९५ मा क्रमश: मेक्सिको, कोपनहेगन, नैरोवी र बेइजिङमा पहिलो, दोश्रो, तेश्रो र चौथौ अन्तर्राष्ट्रिय महिला सम्मेलनहरू सम्पन्न भए । सो सम्मेलनहरूले लैङ्गिक समानता कायम गर्ने, लैङ्गिक हिंसा निवारण गर्ने र बाल विवाह उन्मूलन गर्ने सम्बन्धमा वहुआयामिक पक्षहरू समेतलाई सम्बोधन गरी कानूनी रुपमा मान्यता स्थापित गर्न गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।[११] यी प्रतिबद्धताका बावजुद, सन् २०१५ मा १६७ मुलुकहरूले महिलाको स्थितिका बिषयमा हासिल भएका प्रगति बारे बुझाएको प्रतिवेदन अनुसार कुनै पनि मुलुकले अपेक्षित मात्रामा लैङ्गिक समानता हासिल गर्न नसकेको उल्लेख गरेको छ । सो प्रतिवेदनमा मुलुकहरूले लैङ्गिक समानताका लागि गरीरहेको पहल अत्यन्त सुस्त रहेको, लगानी अत्यन्त न्यून रहेको र औपचारिक समानता कायम गर्नमा मात्र केन्द्रित भई सारभूत समानता ल्याउन नसकेको औंल्याइएको छ ।

लैङ्गिक हिंसा र बाल विवाह समानता र बिकासको प्रमुख वाधकको रुपमा रहेको कुरालाई महशुस गरी दिगो विकासको लक्ष्यमा लैङ्गिक समानता हासील गर्ने र महिला तथा बालिकाहरूको सशक्तिकरण गर्ने; महिला, बालिका र किशोरीहरू विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य गर्ने; सार्वजनिक तथा निजी क्षेत्रमा महिला, बालिका र किशोरीहरूमाथि हुने सबै किसिमका हिंसा लगायत मानव बेचविखन तथा यौन शोषणको अन्त्य गर्ने; बालविवाह, कम उमेरमा हुने विवाह र जवरजस्ती विवाह, महिलाको यौनाङ्ग काट्ने

---

[१०] नेपालको संविधान २०७२ को धारा ५१ (ख) (२) ।

[११] बेइजिङ्गमा भएको चौथो विश्व महिला सम्मेलनमा उठाइएका १२ वटा सवालहरू महिला एवं समग्र राष्ट्रकै विकासमा महत्वपूर्ण विषयको रुपमा लिन सकिन्छ ( महिला र गरीबी, महिला शिक्षा र तालिम, महिला र स्वास्थ्य।, महिला विरुद्धका हिंसा, महिला र सशस्त्र विद्रोह, महिला र अर्थतन्त्र, नीति–निर्माण तहमा महिला,महिला विकासका लागि संस्थागत विकास र संरचना, महिला र मानव अधिकार, महिला र सञ्चार, महिला र वातावरणका साथै बालिका)

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

(female genital mutilation)तथा अन्य हानिकारक प्रथाहरूको अन्त्य गर्ने कुरा उल्लेख गरिएको छ। अन्य मुलुकहरू झैं नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिवद्धता जनाई राष्ट्रिय सूचकहरू सहित मार्गचित्र (roadmap) समेत तयार गरेको छ।[१२]

## ३. राष्ट्रिय कानून तथा नीतिहरू

नेपालको संविधानको धारा ३८ (३) मा महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरीने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने भनी हिंसा विरुद्ध महिलाको मौलिक हक सुनिश्चित गरेको छ। त्यसैगरी धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २९ मा शोषण विरुद्धको हक र धारा २७ मा प्रत्येक नागरीकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र पाउने हकको व्यवस्था गरेको छ। धारा ३९ (५) मा कुनै पनि बालबालिकालाई बाल विवाह, गैर कानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्ने विरुद्धको हकको व्यवस्था गरी पहिलो पटक बाल विवाह विरुद्धको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। साथै सो विपरितको कार्य कानून बमोजिम दण्डनीय हुने र पीडित बालबालिकालाई पीडकबाट क्षतिपूर्ति पाउने हक समेत सुनिश्चित गरेको छ।

नेपालमा २०७५ साल भाद्र १ गतेदेखि एकिकृत कानूनी व्यवस्थाको रुपमा लागू भएको मुलुकी देवानी (संहिता) ऐन र मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले नागरीक अधिकार अन्तर्गत भेदभाव गर्न नपाइने व्यवस्था गरी कुनै पनि व्यक्तिलाई लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था लगायत अन्य कुनै आधारमा निजी तथा सार्वजनिक स्थानमा, सार्वजनिक प्रयोगमा रहेका सेवा सुविधा वा उपयोग गर्ने कुरामा भेदभाव तथा बञ्चित गर्न नहुने व्यवस्था गरेको छ। त्यसै गरी समान कामको लागि समान पारिश्रमिक तथा सामाजिक सुरक्षा र सरकारी वा सार्वजनिक पदमा नियुक्ति गर्दा लिङ्गको आधारमा भेदभाव गर्न नहुने भनी उल्लेख भएको छ। साथै सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, गर्भावस्थाका महिलाहरूका लागि समेत विशेष व्यवस्था गर्न सक्ने कानूनी प्रावधान रहेको छ। लिङ्गको आधारमा हुने हिंसालाई रोक्न विशेष कानून तथा नीति वनाउन सक्ने पनि व्यवस्था गरेको छ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ले कुनै पनि व्यक्ति विरुद्ध शारीरिक रुपमा हुने हिंसा मात्र नभई मानसिक रुपमा हुने हिंसा, अभद्र व्यवहार, यौन दूर्व्यवहार तथा प्रथा परम्पराको नाउँमा गरीने हिंसा समेतलाई फौजदारी अपराधको रुपमा मानी सजायँको व्यवस्था गरेको

[१२] दिगो विकासको लक्ष्य ५, ५(१), ५(२) र ५(३), राष्ट्रिय योजना आयोग, २०१७

छ । सो ऐनले अपराध भनी निषेध गरेका प्रमुख लैङ्गिक हिंसाका प्रकारहरूमध्ये अभद्र व्यवहार, वेश्यागमनको प्रचार प्रसार तथा वेश्यावृति वा वेश्यागमनका लागि घरजग्गा प्रयोग गर्न दिने, अश्लील किताब, पर्चा इत्यादि बनाउन वा बिक्री गर्ने, रजस्वलाको समयमा भेदभाव गर्ने, यौन दूर्व्यवहार गर्ने, लिङ्ग पहिचान गरी गर्भपतन गर्ने, कानून विपरित गर्भपतन गर्ने, बोक्साबोक्सीको आरोप लगाउने, दाइजो माग्ने, तेजाब वा अन्य रासायनिक पर्दाथ प्रयोग गरी हिंसा गर्ने, जवरजस्ती करणी गर्ने, बालयौन दूराचार र बाल विवाह गर्ने आदि हुन् ।

देवानी संहिता ऐनले विवाह हुन सक्ने उमेर २० वर्ष भनी कायम गरेकोछ । मुलुकी अपराध (संहिता) ऐनले २० वर्ष नपुगी गरेको विवाह र आफ्नो श्रीमती हुँदाहुँदै गरेको अर्को विवाह स्वत: बदर हुने व्यवस्था गरी बाल विवाह र बहुविवाहलाई फौजदारी अपराधको रुपमा परिभाषा गरेको छ । साथै अपराध संहिताले कसैले कुनै महिलालाई निजको मञ्जुरी विना करणी गरेमा वा १८ वर्षभन्दा कम उमेरको बालिकाको मञ्जुरीमा करणी गरेमा पनि जवरजस्ती करणी गरेको मानिने भनी उल्लेख भएबाट बाल विवाह गरी यौन सम्पर्क गरेमा जवरजस्ती करणी गरेको ठहर हुन्छ ।

घरेलु हिंसा (कसुर र सजायँ) ऐन, २०६६ ले एकाघर सगोलमा बसेका परिवार, घरमा काम गर्ने व्यक्ति समेतमाथि त्यही घरको अर्को सदस्यले शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना दिने, गाली गर्ने तथा भावनामा चोट पुऱ्याउने लगायतका कार्यलाई घरेलु हिंसाको रुपमा परिभाषा गरेको छ ।

कार्यस्थलमाहुने यौनजन्यदूर्व्यवहार (निवारण) ऐन, २०७१ अनुसारसरकारी निकाय, सँगठित संस्था, फर्म, निकाय वा सँगठित संस्था लगायतकुनै पनि प्रकारको कार्यस्थलमा कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरुपयोग गरी, कुनै किसिमको दवाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा यौनजन्य आसयले शरीरको कुनै अङ्ग छोएमा वा छुने प्रयास गरेमा, अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्वन्धित शब्द चित्र, पत्रपत्रिका, श्रव्यदृश्य अन्य सूचना, प्रविधि,साधन, वस्तु वा सामग्रीप्रयोग वा प्रर्दशन गरेमा, लेखेर वोलेर वा इसाराले अश्लील तथा यौनजन्य आशय प्रर्दशनवा प्रकट गरेमा, यौनजन्य कृयाकलापको लागि प्रस्ताव गरेमा र यौनजन्य आसयले जिस्काएमा वा हैरानी गरेमा यौनजन्य दूर्व्यवहार मानिने भनी उल्लेख गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ कुनै पनि उद्देश्यले मानिस किन्ने वा बेच्ने, कुनै पनि मानिसलाई शोषण गर्ने उद्देश्यले नेपालभित्र वा बाहिर एक ठाउँबाट अर्को ठाउँमा लैजाने, वेश्यावृत्तिमा लगाउने, मानिसको कुनै अङ्ग झिक्ने, वेश्यागमन गर्ने वा वेश्यावृत्तिमा लगाउने कार्यलाई मानव बेचबिखनसम्बन्धी अपराध गरेको मानिने भनी परिभाषा गरेको छ ।

बालबालिकासम्बन्धी ऐन २०७५ ले १८ वर्ष मुनिका सबै व्यक्तिलाई बालबालिका भनी परिभाषा गरेको छ । यो ऐन अनुसार बालबालिकाको बाँच्न पाउने अधिकार, नाम र

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

पहिचानको अधिकार, भेदभाव विरुद्धको अधिकार, बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार, गोपनीयताको अधिकार, अपाङ्गता भएका बालबालिको विशेष अधिकार, पोषण तथा स्वास्थ्यको अधिकार, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार र शिक्षाको अधिकार जस्ता धेरै अधिकारहरूलाई बाल अधिकारको रुपमा सुनिश्चित गरेको छ । साथै बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरुद्धको कसूर भनी स्थापित गरेकोछ ।

स्थानीय सरकार कार्य सञ्चालन ऐन, २०७४ले लैङ्गिक हिंसाका प्रभावितहरूलाई स्थानिय स्तरमा न्यायमा पहुँच पुऱ्याउने उद्देश्यले स्थानीय तहको न्यायिक समितिलाई कसैले नाबालक छोराछोरी वा पति-पत्नीलाई इज्जत आमदअनुसार खान-लाउन वा शिक्षादिक्षा नदिएको, ज्येष्ठ नागरीकको पालनपोषण तथा हेरचाह नगरेको, कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएकोमा मुद्दा हेर्ने र पतिपत्नीबीचको सम्बन्ध विच्छेदमा मेलमिलाप गराउन पाउने, एक वर्षभन्दा कम कैद सजाय हुने कुटपिट भएको मुद्दाहरू, गाली-बेइज्जती तथा एक वर्षसम्म कैद सजाय हुने अन्य मुद्दाहरू हेर्न पाउने अधिकार तोकेको छ । सो ऐन अनुसार बाल विवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बाल श्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मेवारी वडा समितिको काम, कतर्व्य र अधिकार अन्तर्गत रहेको छ ।[१३]

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी ऐन, २०७५ लेमहिलालाईगर्भवती तथा प्रजनन स्वास्थ्य सम्बन्धी सेवा परामर्श तथा सूचना, सुत्केरी पश्चातको गर्भ निरोधको सेवा, आकस्मिक प्रसुति सेवा, नवजात शिशुको लागि अत्यावश्यकीय सेवा, प्रत्येक व्यक्तिलाई आफ्नो जीवनचक्रको विभिन्न अवस्थामा आवश्यक पर्ने प्रजनन स्वास्थ्य सेवा सर्वसुलभ, स्वीकार्य र सुरक्षित रुपमा पाउने लगायत धेरै अधिकारहरूको व्यवस्था गरेको छ । लैङ्गिक हिंसा निवारणमा यो ऐनले पनि विशेष महत्व राख्दछ । भेदभाव रहित वातावरणमा काम गर्न पाउने व्यक्तिको अधिकारको बारेमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र योगदानमा आधारिक सामाजिक सुरक्षा सम्बन्धी ऐन, २०७४ ले पनि फराकिलो व्यवस्था गरेको छ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको अग्रसरतामा पहिलो पटकसन् २०१० (२०६६ पुषदेखि २०६७ पुषसम्म) लाई लैङ्गिक हिंसा विरुद्धको वर्ष घोषणा गरी लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना तयार पारी कार्यान्वयनमा ल्याएको थियो । सो कार्ययोजनाको कार्यान्वयनबाट केही नीतिगत तथा संरचनागत उपलब्धि हासिल भए । तथापि लैङ्गिक भेदभावका कारण समाजमा विकृतिका रुपमा गहिरो गरी जरो गाडेको लैङ्गिक हिंसा तत्कालै समाधान हुन नसक्ने वास्तविकतालाई आत्मसात गर्दै लैङ्गिक हिंसा तथा

---

[१३]स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १२ (२) ग को ३२

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

विभेद, असमानता र न्यून सहभागिताका सवालहरूलाई समेत सम्बोधन गर्नुका साथै समग्र लैङ्गिक समानता र सशक्तिकरणका विविध कार्यक्रमहरूलाई समेट्दै अर्को पाँच वर्ष (आ.व. २०६९/७० देखि २०७४/७५ सम्म) का लागि लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तिकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना लागू गऱ्यो ।

नेपाल सरकारबाट स्वीकृत बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ ले सन् २०३० सम्म बाल विवाह उन्मूलन गर्ने लक्ष्य लिएको छ । यसका अतिरिक्तमानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० कार्यान्यनका लागि तयार पारिएको राष्ट्रिय कार्ययोजना (२०११/१२-२०१५/१६), बालश्रम उन्मूलनका लागि गुरू योजना, २०५७ (२००१), महिलाबिरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६० ( २००४), बालबालिकासम्बन्धी १० वर्षे राष्ट्रिय कार्ययोजना २०६०-२०७० (२००४-२०१४), लैङ्गिक समानता तथा महिला सशक्तिकरण (बेइजिङ्ग कार्ययोजना) कार्यान्वयनका लागि तयार पारिएको राष्ट्रिय कार्ययोजना, २०६१ (२००४), चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना ( आ.व. २०७१/०७२ - २०७५/०७६) र बिपद जोखिम न्युनिकरण राष्ट्रिय कार्य योजना २०१८-२०३० पनि छन् ।

बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, विशेष प्रकृतिको मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी ( कार्यविधि) निर्देशिका, २०६४, श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने सम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५, वैदेशिक रोजगारसँग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारवाही सम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८, पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८, मनोसामाजिक परामर्श निर्देशिका, २०६९ र आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९, आदि निर्माण भएका छन् ।

चौधौं आवधिक योजनाले बाल विवाह, कम उमेरमा हुने विवाह र जबरजस्ती विवाह विरूद्ध सामाजिक जागरण ल्याउन सचेतनामूलक कार्यक्रमलाई समुदाय स्तरसम्म विस्तार गर्ने नीति लिएको थियो । त्यसैगरी महिला तथा बालिकाउपर हुने हिंसा अन्त्यका लागि पुरुष सहभागिता रणनीति, २०७५ तयार भएको छ । किशोरकिशोरीका लागि समग्र राष्ट्रिय कार्ययोजना (२०७०/०७१-२०७४/०७५) ले खासगरी सीमान्तकृत किशोरकिशोरीहरूलाई असर पार्ने हानिकारक सामाजिक परम्परा र विभेद न्यूनीकरण सम्बन्धी नीतिगत व्यवस्था गर्ने र निर्देशिका तयार वा सुधार गरी प्रयोगमा ल्याउने र वाल विवाहमा परेका

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

किशोरकिशोरी मूलतः किशोरीहरूलाई औपचारिक शिक्षाको मूलधारमा ल्याउन खुल्ला र वैकल्पिक शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ।

## ४. वर्तमान अवस्था

हेटौडा उप-महानगरपालिकामा लैङ्गिक हिंसा तथा बाल बिवाहको बारेमा छुट्टै सर्वेक्षण गरी तथ्याङ्कको व्यवस्थापन नभए तापनि यस क्षेत्रमा लैङ्गिक हिंसाको समस्या अत्यधिक छ भन्ने कुरा विभिन्न समुदायहरू सँगको छलफल तथा परामर्श बैठकबाट स्पष्ट भएको छ। २०६८ सालको जनगणना अनुसार यहाँको कूल जनसंख्या १,५२,८७५ रहेकोमा तुलनात्मक रुपमा महिला १०० बराबर पुरुष ९६ रहेको छ। उप-महानगरपालिकामा जम्मा १९ वटा वडा छन् । उप-महानगरपालिकामा जनजातिको बाहुल्यता रहेकोमा सो जनजातिका बालबालिकाहरूमा धेरै संख्यामा विद्यालय छाड्ने र बाल विवाह हुने गरको छ । शहर बजारमा आफूखुशी विवाह गर्ने बालबालिकाको संख्यामा बृद्धि भएको छ।[१४]

उप-महानगरपालिकामा वैदेशिक रोजगारमा संलग्न हुने परिवारको संख्या धेरै छ। पुरुष वा महिला जो विदेश गए पनि महिलामाथि लान्छना, घरायसी झगडा, पारिवारिक अनमेल, सम्बन्ध विच्छेद, बहुविवाह र पारिवारिक विखण्डनको समस्या दिनदिनै बढेको देखिन्छ। यसरी परिवारमा आएको विचलनबाट उत्पन्न लैङ्गिक हिंसाका कारण सबैभन्दा धेरै बालबालिकाहरू पीडित बनेका छन्। प्राथमिक हेरचाहकर्ता विहिन बालबालिकाको संख्या बढेको छ। उनीहरूको विद्यालय शिक्षामा नकारात्मक असर परेको छ। विद्यालय पढ्ने करिव ३०% विद्यार्थीहरूको अभिभावक विदेश गएको खुल्न आएको अनुमान छ । अभिभावक विहिन किशोरकिशोरीहरू लागू औषध र मादक पदार्थका दूर्व्यसनी हुन पुगेका छन्। यस प्रकार बैदेशिक रोजगारमा गएका बाबुआमाका छोराछोरीहरू बाल विवाह गर्ने, बालश्रममा संलग्न हुने, सडक बालबालिका बन्ने, यौन शोषणमा पर्ने आदि समस्यामा परेका छन्। विद्यालय, सार्वजनिक स्थल, सार्वजनिक यातायात, कार्यस्थलहरूमा यौन दूर्व्यवहारका घटनाहरू वृद्धि भएका छन्।[१५]

हेटौडामा उप-महानगरपालिकामा मुख्यतया घरेलु हिंसा, जवरजस्ती करणी, जवरजस्ती करणी उद्योग, मानव बेचबिखन, बहुविवाह, बाल विवाह र आत्महत्या सम्बन्धी घटनाहरू हुने गरेका छन्। आर्थिक वर्ष २०७४-२०७५ र २०७५-२०७६ को फागुन सम्ममा घरेलु हिंसा ६५१, जवरजस्ती करणी ४०, जवरजस्ती करणी उद्योग १४, बहुबिवाह २९, आत्महत्या ७१ वटा लगायत विभिन्न प्रकारका लैङ्गिक हिंसाका घटनाहरू भएका छन्।[१६] उप-

---

[१४] उपमहानगरपालिका कर्मचारी तथा पदाधिकारीसँगको छलफल बैठकमा व्यक्त, मिति २०१९।२।२४

[१५] केन्द्रित समूह छलफलका सहभागीहरूबाट व्यक्त, मिति २०१९।२।२५

[१६] जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका सेवा केन्द्र, मकवानपुर, २०७४-२०७५

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

महानगरपालिका अन्तर्गत स्वास्थ्य संस्थामा जँचाउन आउने गर्भवती महिलाहरू मध्ये २०% २० वर्ष भन्दा मुनिका रहेको कुरा खुलेको छ।[१७]

यस रणनीति तथा कार्ययोजना तयार गर्ने सिलसिलामा हेटौंडा उप-महानगरपालिका क्षेत्र अन्तर्गत विभिन्न सरोकारवालाहरूसँग छलफल गर्दा प्राप्त भएका सूचना तथा जानकारीका आधारमा देहायका सवलपक्ष, दूर्वलपक्ष, अवसर र चुनौतीका रुपमा विद्यमान रहेको अवस्था छ :

| सवलपक्ष | दूर्वलपक्ष |
|---|---|
| • अधिकार र स्रोत सम्पन्न उप-महानगरपालिका,<br>• हिंसा निवारणका लागि प्रतिबद्ध जनप्रतिनिधी र सकारात्मक सोच,<br>• विभिन्न ३३ वटा ऐन, नियमावली र कार्यविधिमस्यौदा तयार भई सकेको,<br>• सबै वडाहरूमा बालश्रम बिरुद्ध स्थानीय स्तरमा अभियान सञ्चालन भएको,<br>• उर्जावान किशोरी र बाल समुह।<br>• सडक बालबालिका र मानव मुक्त शहर घोषणा भईसेकेको,<br>• उप-महानगरपालिका भित्र महिला तथा बालबालिकाका लागि ११ वटा संरक्षण गृह/सेवा केन्द्र सञ्चालन भईरहेको,<br>• एक बिद्यालय एक नर्सको व्यवस्था गर्ने कुरामा सहमत भएको॥<br>• कतिपय बिद्यालयले जोखिममा रहेका बालबालिकालाई निः शुल्क पढाइरहेको,<br>• उपभोक्तावादी संस्कृति भन्दा दीगो विकासका लागि उत्पादनमुलक कार्य हुन पर्छ भन्ने धारणाको विकास भएको। | • लैङ्गिक खण्डीकृत तथ्याङ्कक तथा लैगिंक समानता नीति नहुनु<br>• एकिकृत सूचना प्रणालीको अभाव<br>• पूर्वाधारको विकास र मानवीय विकास एकआपसमा परिपूरक हुन भन्ने सन्तुलीत बुझाईको अभाव,<br>• लैङ्गिक हिंसाका पीडितहरूलाई परामर्श दिने जनशक्ति र क्षमता अत्यन्तै न्यून,<br>• लैङ्गिक बजेट पद्धतिको अवलम्बन हुन नसकेको<br>• लैङ्गिक हिंसा र बाल विवाहको कारणले व्यहोर्नु पर्ने आर्थिक तथा सामाजिक मूल्य बारे अनभिज्ञता,<br>• नीजि सस्थाले कार्यस्थलमा हुने यौन दुर्व्यवहार नीति कार्यान्वयन नगरेको।<br>• लैङ्गिक हिंसा र बाल विवाहमा काम गर्ने सरोकारवालाहरू समेतको एकिकृत अनुगमन, सिकाई, तथ्याङ्ग र प्रतिवेदनको व्यवस्थापन नहुँदा प्रयासहरू छरिनु र परिणाम देखाउन नसक्नु,<br>• बिद्यालयहरूमा परामर्श सेवाको कमि।<br>• माध्यमिक बिद्यालय टाढा भएका बस्तीमा बालबिवाह बढेको अनुमान।<br>• यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी विद्यालयहरुमा खुलेर छलफल हुने |

[१७]केन्द्रित समूह छलफलमा स्वास्थ्य संस्थाबाट उपस्थित सहभागीबाट व्यक्त, मिति २०१९।२।२५

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | |
|---|---|
| | नगरेको ।<br>• न्यायमा पहुँच हुन नसकेको, महिला पिडित भएको मुद्धाको प्रकृयामा स्वयम/ साक्षीनिश्क्रिय भएको । |
| **अवसर** | **चुनौती** |
| • ,देशको ३ बर्ष भित्र बाल बिवाह रोकथाम गर्ने प्रतिबद्धता<br>• दिगो विकासको लक्ष्य र नेपाल सरकारको मार्गचित्र (roadmap) सँग उपमहानगरपालिकाको कार्यक्रम मिलान गर्ने अवसर ।<br>• आवधिक योजना बन्ने तयारी ।<br>• समुदायमा लैङ्गिक हिंसा विरुद्ध सचेत नागरीक समाज र समुदाय,<br>• गै.स.स., बाल क्लव संञ्जाल तथा किशोरी समुहरु जस्ता संस्थाहरूको सक्रिय,<br>• विकास साझेदारहरूको सहयोगमा वृद्धि,<br>• बिवाहको निमन्त्रणा कार्ड छाप्दा विवाह गर्ने दुलाहा दुलहीको उमेर कार्डमै लेख्नु पर्ने वकालत हुन थालेको,<br>• कर्तब्य सहितको अधिकार शिक्षा प्रणाली | • पितृसत्तात्मक सोच र बिभेदपुर्ण सामाजिक मुल्य मान्यता।<br>• लागु औषध र मादक पदार्थको दुरुपयोगले बढाएको सामाजिक विकृति र लैङ्गिक हिंसा ।<br>• कमजोर सामाजिक सुरक्षा र पारिवारिक संरक्षण प्रणालीका कारण विद्यालय छाड्ने किशोरकिशोरीहरूको संख्यामा बृद्धि भई बाल विवाह गर्ने परिवेश,<br>• बैदेशिक रोजगारका कारण पारिवारिक विखण्डन र अभिभावक विहिन बालबालिका ॥<br>• औपचारिक तथा अनौपचारिक क्षेत्रमा यौन दुर्व्यवहार, शोषण र बालश्रमलाई प्रोत्साहन ।<br>• लैङ्गिक, यौन तथा प्रजनन स्वास्थ्य शिक्षाबारे अपर्याप्त तथा अपूर्ण पढाई ।<br>• संचार प्रवृत्ति र सामाजिक सञ्जालको दुरुपयोग ।<br>• प्रजनन स्वास्थ्य र यौन स्वास्थ्यका समस्याहरू ।<br>• महिलाहरू उत्पादनमुलक तथा आयमुलक काममा भन्दा घरायसी, सामाजिक तथा परम्परागत काममै सहभागिता ।<br>• सम्बन्ध विच्छेद एवं घरेलु हिंसाको बढ्दो प्रवृत्ति |

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
वागमती प्रदेश, नेपाल

## ५. रणनीति तथा कार्ययोजनाको आवश्यकता र औचित्य

देशमा संघीय संरचना अन्तर्गत तीन तहको सरकार निर्माण भएको छ । नेपाल पक्ष राष्ट्र भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयन गर्नु सबै तहका सरकारको दायित्व हो । मुलुकमा कुल जनसंख्याको ५१.५ प्रतिशत महिला रहेकोमा एकतिहाई महिला तथा बालिकाले हिंसाबाट गुज्रिनु पर्ने अवस्था रहुन्जेल समृद्ध नेपाल, सुखी नेपालीको उद्देश्य हासिल गर्न सकिंदैन । लैङ्गिक हिंसा र बाल विवाहका कारण महिला र बालिकाको स्वास्थ्य रुग्णतालाई मात्र निम्त्याउँदैन, यसले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, पुरुष, परिवार, समुदाय र सिङ्गो राष्ट्रको आर्थिक तथा सामाजिक स्वास्थ्यमा समेत नकारात्मक असर पार्दछ । राज्यले ठूलो स्रोत हिंसा प्रभावित महिला, पुरुष र परिवारको शारीरिक तथा मनोबैज्ञानीक स्वास्थ्य एवं पुनर्स्थापना तथा न्याय निरोपणका लागि लगानी गर्नु परिरहेकोछ । यो अवस्था छउन्जेल मुलुकको कुल उत्पादकत्व क्षमता बृद्धि हुन सक्दैन र यसको नकारात्मक प्रभाव कुल गार्हस्थ उत्पादनमा पर्न जान्छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक समिति, विश्वव्यापी आवधिक प्रतिबेदन, २०१५ अनुसार बाल विवाह लगायत हानिकारक अभ्यास दण्डनीय बनाउने/अन्त्य गर्ने सुझाव नेपाल सरकारलाई दिएको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका सम्बन्धमा छैठौं राष्ट्रिय प्रतिवेदन माथि CEDAW Committee (2018) ले नेपाल सरकारलाई सार्वजनिक क्षेत्रमा महिला विरुद्ध हुने प्रत्यक्ष र अप्रत्यक्ष विभेद अन्त्य गर्न नीति तर्जुमा गर्नुपर्ने, यौनजन्य हिसांको मुद्दा दर्ताको हद म्याद बढाउनु पर्ने, महिला विरुद्धका परम्परागत र हानिकारक अभ्यासहरूमाथि प्रतिबन्ध लगाई पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने र हानिकारक अभ्यासले पार्ने दुष्प्रभाव बिरुद्ध धर्मगुरु सहित जनचेतनाका लागि ठोस लक्ष्य, रणनीति बिकास गर्नुपर्ने, न्यायमा पहुँच र कानूनी सहायताको जानकारीलाई सुदृढ बनाउनु पर्ने, औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत महिलाको सामाजिक सुरक्षा गर्नुपर्ने, बालविवाह उन्मूलन गर्नुगर्ने र बाल विवाहबदर गर्ने कानूनी व्यवस्था ल्याउनु पर्ने समेत सुझाव दिएको छ । उपरोक्त सुझावका साथै दिगो विकास लक्ष्य अनुरुप सन् २०३० सम्ममा लैङ्गिक हिंसा निवारण तथा बाल विवाह उन्मूलन गर्नका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्नु स्थानीय तहको प्राथमिक जिम्मेवारी भएकाले नेपालगञ्ज उप-महानगरपालिकाले महत्वका साथ यो लैङ्गिक हिंसा निवारण रणनीति तथा बाल विवाह उन्मूलन कार्ययोजना कार्यान्वयनमा ल्याएको हो । यो रणनीति र कार्ययोजनाको आवश्यकता र औचित्य बारे परिवर्तनको सिद्धान्तका आधारमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

**परिवर्तनकोसिद्धान्त**

| | |
|---|---|
| विद्यमान समस्या | हेटौंडा उप-महानगरपालिकामा लैङ्गिक हिंसा र बाल विवाहको समस्या विद्यमान रहेको र यसबाट महिला तथा बालबालिकाहरू अत्याधिक संख्यामा प्रभावित हुने गरेको |
| कारण | पितृसत्तामा आधारित सामाजिक मूल्य मान्यता, लैङ्गिक तथा जातिय भेदभाव, महिला तथा बालिकामाथि बन्देज र प्रतिबन्ध, स्रोत, अवसर एवं स्वनिर्णयको अधिकारबाट बञ्चिती, कमजोर परिवार संरक्षण प्रणाली, लैङ्गिक हिंसा |

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## ६. रणनीति तथा कार्ययोजना तर्जुमा प्रक्रिया

लैङ्गिक हिंसा निवारण रणनीति तथा बाल विवाह उन्मूलन कार्ययोजना तर्जुमाका लागि देहायका विधिहरू अवलम्वन गरिएको छ :

**(क) दस्तावेज अध्ययन :** मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, बेइजिङ्ग कार्यमञ्च, बाल अधिकार महासन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध लगायतका मानव अधिकार विशेष गरी महिला तथा बाल अधिकार सम्बन्धी दस्तावेजहरू, बिश्वब्यापी आवधिक समिक्षा, नेपालको संविधान लगायत राष्ट्रिय कानूनहरू, दिगो विकास लक्ष्य, राष्ट्रिय कार्ययोजनाहरू र निर्देशिकाहरू, हेटौंडा उप-महानगरपालिकाको वस्तुस्थिति विवरण, २०७४ का साथै विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेजहरूको अध्ययन गरी विश्लेषण गरिएको ।

(ख) **मुख्य सूचनादाताको अन्तवार्ता** : हेटौंडा उप-महानगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रमुख महिला विकास अधिकृत, सामाजिक विकास महाशाखाका प्रमुख, जिल्ला प्रहरी कार्यालय मातहत महिला बालबालिका सेवा केन्द्र प्रमुख, सिविन का व्यवस्थापक लगायत अन्य मुख्य सरोकारवाला व्यक्तिहरूसँग अन्तरवार्ता गरी जानकारी संकलन गरिएको ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**(ग) केन्द्रित समूह छलफल :** उप-महानगरपालिका क्षेत्र भित्रका जिल्ला प्रहरी कार्यालय, महिला बालबालिका सेवा केन्द, शिक्षा, स्वास्थ्य, एकद्वार संकट व्यवस्थापन केन्द्र, मनोविमर्शकर्ता, जिल्ला कानूनी सहायता समिति, सेवागृह, जिल्ला उद्योग वाणिज्य संघ, होटल व्यवसाय संघ लगायतका सेवा प्रदायकहरू, महिला अधिकारकर्मीहरू, बालक्लब/सञ्जालका प्रतिनिधिहरू, धर्मगुरुहरू, युवा, पत्रकारहरू, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, छात्रछात्राहरू एवं किशोरी समूहका प्रतिनिधिहरूसँग बेग्ला बेग्लै केन्द्रित समूह छलफल गरिएको ।

**(घ) परामर्श कार्यशाला :** उप-महानगरपालिकाका उप-प्रमुख, वडा अध्यक्षहरू, महिला सदस्यहरू, नगरकार्यपालिकाका सदस्यहरू, नागरीक समाज, गै.स.स, महिला प्रहरी सेल, उद्योग वाणिज्य संघ, होटल व्यवसाय संघ, जिल्ला बार एशोशियसन, पत्रकार संघ, धर्मगुरु, पुनर्स्थापना केन्द्र, महिला बालबालिका सेवा केन्द्र, किशोरी समूह, बाल क्लब सञ्जाल, महिला अधिकारकर्मी, मदरसा, प्लान इनटरनेशनल, सिविन लगायतका प्रतिनिधिहरू सम्मिलित कार्यशाला गोष्ठी आयोजना गरी रणनीति तथा कार्ययोजनामा समावेश गरीनुपर्ने बुँदाहरू बारे परामर्श लिइएको ।

**(ङ) परामर्श बैठक :** माथि उल्लेख भए बमोजिमका विधिद्वारातयार पारिएको मस्यौदा रणनीति तथा कार्ययोजना बारे उप-महानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रुप दिइएको ।

**७. रणनीति तथा कार्ययोजनाका सिद्धान्तहरू**

देहायका सिद्धान्तका आधारमा यस लैङ्गिक हिंसा निवारण रणनीति र बाल विवाह उन्मूलन कार्ययोजना निर्माण गरिएको छ :

(क) **अविभेद (Non-discrimination)**:यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरीक वा अपाङ्गता भएका व्यक्तिहरू माथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरीने छैन ।

(ख) **बालबालिकाको सर्बोत्तम हित (Best interest of children)** : यो रणनीति तथा कार्ययोजनाले लैङ्गिक हिंसाको सम्बोधन र बाल विवाह उन्मूलन गर्ने सवालहरूमा बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरी राखिएकोछ ।

(ग) **सारभूत समानता (Substantive equality)**: यो रणनीति तथा कार्ययोजनाले लैङ्गिकताका सवालमा सारभूत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाइ आत्मसात गरेको छ ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

(घ) **समता (Equity)**: यस रणनीति तथा कार्य योजनाले असमान व्यक्तिहरूबीच समता कायम गर्न असमान व्यवहार गर्नु पर्ने सिद्धान्तलाई स्वीकार्दछ ।

(ङ) **कोहि पछाडि नछुटुन (No one leave behind)**: यस रणनीति तथा कार्ययोजनाले दिगो बिकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणालाई अपनाएको छ ।

(च) **कसैलाइ हानि नपुऱ्याउने (Do no harm)**:यस रणनीति तथा कार्ययोजनाले कसैलाई पनि हानि वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(छ) **शून्य सहनशीलता (Zero tolerance)**: यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा लैङ्गिक हिंसा र बाल विवाहका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(ज) **गोपनीयताको अधिकार (Rights to Privacy)** : यो रणनीति तथा कार्ययोजनाले लैङ्गिक हिंसा र बाल विवाहबाट प्रभावितहरूको गोपनीयताको अधिकारलाई सुनिश्चत गरेको छ ।

(झ) **पुरुष तथा बालकहरूको संलग्नता (Men and boys engagement)**: यो रणनीति तथा कार्ययोजनाको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि पुरुष तथा बालकहरूको सक्रिय सहभागिता अपरिहार्य छ भन्ने मान्यता रहेकोछ ।

(ञ) **अर्थपूर्ण सहभागिता (Meaningful participation)**: यो रणनीति तथा कार्ययोजनाको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई महत्व दिइएकोछ ।

(ट) **पीडित/प्रभावितको संरक्षण (Protection of the victims/survivors)**:यो रणनीति तथा कार्ययोजनाले लैङ्गिक हिंसा र बाल विवाहबाट प्रभावितहरूको संरक्षण र सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राखेकोछ ।

(ठ) **न्यायमा पहुँच तथा द्रूत न्याय (Fast track court)**: यो रणनीति तथा कार्ययोजनाले लैङ्गिक हिंसा र बाल विवाहबाट प्रभावितहरूका लागि द्रूत न्यायको सिद्धान्तलाई अङ्गिकार गरेकोछ ।

(ड) **साझेदारिता र सहकार्य(Partnership and collaboration)** : यो रणनीति तथा कार्ययोजनाको सफल र प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएकोछ ।

(ढ) **सकारात्मक सोच (Appreciative inquiry)** :यो रणनीति तथा कार्ययोजना सकारात्मक सोच तथा परिवर्तन सभंव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

**८. दूरदृष्टि :**

लैङ्गिक हिंसा र बाल बिवाह मुक्त सुखी तथा समृद्ध हेटौंडा उप-महानगरपालिका ।

**९. ध्येय :**

लैङ्गिक हिंसा र बाल विवाह निवारणका लागि सोच, नीति तथा संरचनागत सुधार ।

**१०. लक्ष्य :**

हेटौंडालाई आगामी ३ वर्ष (२०७६-२०७८) भित्र बाल विवाह मुक्त उप-महानगरपालिका बनाउने साथै आगामी १० वर्ष (२०७६-२०८६) भित्र लैङ्गिक हिंसा अन्त्य गर्ने ।

**११. उद्देश्यहरू :**

१. विभिन्न निरोधात्मक उपायहरूद्वारा हेटौंडा उप-महानगरपालिकाका सबै वडाहरूलाई लैङ्गिक हिंसा र बाल बिवाह मुक्त क्षेत्र बनाउने *(निरोध)*।

२. लैङ्गिक हिंसाका प्रभावितहरूलाई अधिकारमूखी अवधारणाका आधारमा संरक्षण गरी अत्यावश्यक सेवा सुविधाहरूको व्यवस्था गर्ने *(प्रभावितहरूको संरक्षण)*।

३. लैङ्गिक हिंसाबाटप्रभावितहरूलाई न्यायमा पहुँचको सुनिश्चितता र पीडकहरूलाई कानूनी कारवाही गरी दण्डहीनताको अन्त्य गर्ने *(कानूनी उपचार)*।

४. लैङ्गिक हिंसा निवारणमा नेतृत्वदायी र समन्वयात्मक भूमिका एवं प्रभावकारी अनुगमनका लागि हेटौंडा उप-महानगरपालिका लगायत मुख्य सरोकारवालाहरूको क्षमता विकास गर्ने *(क्षमता विकास)*।

५. हेटौंडा उप-महानगरपालिका क्षेत्रमा तीन वर्षभित्र बाल विवाह उन्मूलन गर्नका लागि छुट्टै कार्ययोजना वनाई लागू गर्ने । (बाल विवाह उन्मूलन कार्ययोजना)

**१२. रणनीति तथा कार्यनीतिहरू**

<u>उद्देश्य १ : निरोधसँग सम्बन्धित रणनीति तथा कार्यनीति</u>

**रणनीति १.१ :हेटौंडा उप-महानगरपालिका सबै वडाहरूमा कुन वर्ग वा समुदाय के कस्ता लैङ्गिक हिंसाबाट प्रभावित भइरहेका वा जोखिममा छन्, अध्ययन गरी स्थिति विश्लेषण गर्ने ।**

- सबै वडाकाविभिन्नसमुदायहरूमा विद्यमान(शारीरिक र मानसिक अवस्था एवं उमेरका कारण ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरू

समेतको) लैङ्गिक हिंसाको प्रकृति (शारीरिक, मानसिक र आर्थिक), कारकतत्वहरू, परिणाम र समाधानका उपायहरू बारे सर्वेक्षण गरी प्रतिवेदन सार्वजनिक गर्ने ।

- लैङ्गिक हिंसाबाट सरकार र समुदायले व्यहोर्नु परेको सामाजिक तथा आर्थिक व्ययभार बारे अध्ययन विश्लेषण गरी सूचना प्रवाह गर्ने ।
- लैङ्गिक हिंसा बारे उप-महानगरपालिका र वडा स्तरीय तथ्याङ्कसंकलन तथा अद्यावधिक राख्ने ।

**रणनीति १.२ : लैङ्गिक हिंसाका जोखिम समुदायहरूमा वडा कार्यालयहरूहरूको अगुवाईमा समुदायमा आधारित निगरानी समूहहरू गठन, सुदृढीकरण तथा परिचालन गर्ने ।**

- महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरुषको सहभागिता रणनीति, २०७५ बारे मुख्य सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्ने ।
- वडाहरूमा प्रहरी, विद्यालय, महिला समूह, बालक्लब, किशोरकिशोरी समूह, युवा क्लब, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र धर्मगुरुहरू तथा पुरुषहरूको सहभागितामा लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक अभियान सञ्चालन गर्ने ।
- लैङ्गिक हिंसा निवारणमा सकारात्मक भूमिका निर्वाह गरेका पुरुष तथा किशोरहरूलाई विभिन्न समूहहरूमा आवद्ध गराई हिमायती (Champion) का रुपमा प्रत्यक वर्ष सम्मान गर्ने ।
- मादक पदार्थ, लागू पदार्थ सेवन तथा सामाजिक सञ्जाल/नयाँ प्रविधिको दुरुपयोग आदिबाट उत्पन्न लैङ्गिक हिंसा, यौन शोषण र दूर्व्यवहार विरुद्ध नेपाल प्रहरी, नगर प्रहरी, पत्रकार र गै.स.स.हरूको साझेदारितामा सचेतना अभियान चलाउने ।

**रणनीति १.३ : हानिकारक सामाजिक मूल्य मान्यता, सोच र व्यवहार परिवर्तन गरी लैङ्गिक हिंसा निवारणका लागि उप-महानगरपालिकाका नीति योजना तथा कार्यक्रमहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्ने ।**

- लैङ्गिक समानता नीति तथा कार्य योजना निमार्ण गर्ने ।
- महिला सशक्तिकरण, बाल अधिकार प्रवर्द्धन र लैङ्गिक हिंसा निवारण सम्बन्धमा संघ तथा प्रदेश सरकारको नीति, कानून अनुसार मिलान हुने गरी नीति कानून र संरचनाहरू निर्माण गर्ने ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

- उप-महानगरपालिकाबाट निर्मित विभिन्न नीति कानून, योजना र कार्यक्रमहरूलाई लैङ्गिक संवेदनशीलता र लैङ्गिक हिंसा निवारणका दृष्टिकोणबाट पुनरावलोकन गरी समायोजनका लागि मापदण्ड बनाउने ।
- घरपरिवार लगायत औपचारिक तथा अनौपचारिक क्षेत्रमा लैङ्गिकताका आधारमा महिलाले भोग्न परेका विभेद, आर्थिक असमानता, यौन शोषण तथा दूर्व्यवहार र लैङ्गिक हिंसा नियन्त्रण गर्न लैङ्गिक समानताका लागि सम्झौता हुन नसक्ने आधारभूत मापदण्ड सहितको विशेष नीति तथा कार्यक्रमहरू बनाई लागू गर्ने ।
- विपद्बाट उत्पन्न हुन सक्ने लैङ्गिक हिंसाको जोखिम र जोखिम न्यूनीकरणका उपायहरूबारे लैङ्गिक उत्तरदायी हुने गरी पूर्व तयारी एवं विपद् व्यवस्थापनका लागि नीति तथा कार्यक्रमहरू बनाउने ।

**रणनीति १.४ उप-महानगरपालिकामाविभेदपूर्ण सामाजिक मूल्य मान्यता अन्त्य गर्न “परिवर्तन मबाटै” नारा सहितको सचेतना अभियान सञ्चालन गर्ने ।**

- धार्मिक सञ्जाल ाल , शिक्षण संस्था, निजी क्षेत्र, पेशागत संघसंस्था, स्वास्थ्य सेवा प्रदायकहरूसँग तथ्यांङ्कमा आधारित संवाद/प्रशिक्षण/वकालत गर्ने ।
- यातायात व्यवसाय, होटेल, पर्यटन तथा मनोरञ्जन क्षेत्रका सञ्चालकहरूसँग कार्यस्थलमा हुने यौन दूर्व्यवहार नियन्त्रण सम्बन्धी संवाद र अन्तरक्रिया गरी सुरक्षित तथा सम्मानित कार्यस्थल निर्माण गर्ने, खोज मूलक पत्रकारिताका माध्यमबाट लैङ्गिक हिंसा निवारण सम्बन्धी असल अभ्यासहरू बारे प्रचारप्रसार गर्ने ।
- लैङ्गिक हिंसा निवारणका लागि महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति, शिक्षक, अभिभावक, राजनीतिक दल, नागरीक समाज, प्रहरी, पत्रकारहरू र स्थानीय सरकार बीच सार्वजनिक वहश एवं सम्वादको कार्यक्रम सञ्चालन गर्ने ।
- लैङ्गिक हिंसाबाट पुग्ने वहुपक्षीय नकारात्मक असर पारिवारिक बिखण्डन जस्ता समस्यालाई सम्बोधन गरी पारिवारिक संरक्षण तथा मानवीय सम्बन्ध प्रवर्द्धन गर्नुका साथै दिगो विकास लक्ष्य प्राप्त गर्न विद्यालय पाठ्यक्रमहरू परिमार्जन गर्ने ।

**रणनीति १.५ : औपचारिक तथा अनौपचारिक क्षेत्रका कार्यस्थलहरूमा हुने लैङ्गिक हिंसा निवारण बारे कानूनी सचेतना अभिबृद्धि गर्ने गराउने ।**

- लैङ्गिक हिंसा निवारण सम्बन्धी कानूनी शिक्षाका लागि सूचना सामग्री बनाई प्रचारप्रसार गर्ने ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

- यौनजन्य तथा लैङ्गिक हिंसा, शोषण र दूर्व्यवहार रोकथाम सम्बन्धी मापदण्ड/आचार संहिताको पालना बारे सरोकारवालाहरूको क्षमता अभिबृद्धि गरी अनुगमन तथा निगरानी गर्ने ।

**रणनीति १.६ : लैङ्गिक हिंसा निवारण गर्न पारिवारिक संरक्षण प्रणाली तथा मानवीय सम्बन्धको सुदृढीकरण गरी आर्थिक सशक्तिकरण गर्ने ।**

- वडा कार्यालयहरूहरूले मौजुदा मानव संसाधन (महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक परिचालक, आमा समूह, किशोर किशोरी समूह, बाल क्लब सञ्जाल, महिला निगरानी समूह, टोल विकास समिति आदि) लगायत आर्थिक स्रोत र संरचनाहरूलाई प्रभावकारी रुपमा परिचालन गरी घरपरिवारको अवस्था अनुगमन गरी गराई सबैको सम्मानित तथा सुरक्षित जीवन बाँच्न पाउने अधिकार र वातावरणको सुनिश्चिता गर्ने ।

- घरपरिवारमा विभेदपूर्ण लैङ्गिक कार्य विभाजनमा परिवर्तन गरी महिलाहरूको कार्यबोझ घटाउने किसिमले आर्थिक सशक्तिकरणको वातावरण निमार्ण गर्न सहयोग गर्ने ।

- महिलाहरूलाई व्यवसाय सञ्चालन, बैकिंङ्ग तथा वित्तिय कारोबार सम्बन्धी शिक्षा प्रदान गर्नुका साथै आधारभूत कानूनी क्षमता विकास गर्ने ।

- वैदेशिक रोजगारका कारण उत्पन्न पारिवारिक हिंसा तथा विखण्डनलाई सम्बोधन गर्न वडा कार्यालयहरूहरूको अगुवाईमा टोलटोलमा अभिभावकीय दायित्वका साथै मनोपरामर्श सेवा तथा वित्तिय साक्षरता सम्बन्धी प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने ।

- लागू औषध दूर्व्यसन, मादक पदार्थ सेवन, जुवातास तथा सामाजिक सञ्जाल/नयाँ प्रविधिको दुरुपयोग आदिबाट उत्पन्न लैङ्गिक हिंसा, यौन शोषण र दूर्व्यवहार रोकथाम विरुद्ध वडा कार्यालय, नेपाल प्रहरी, नगर प्रहरी र गै.स.स.हरूको साझेदारितामा **"हामी सबैको रहर, हेटौडा सुरक्षित शहर"** अभियान चलाउने ।

- लैङ्गिक हिंसाका जोखिम महिला तथा किशोरीहरूको आर्थिक सशक्तिकरणका लागि गैर्ह पारम्परिक आय आर्जनका कार्यक्रमहरूमा लगानी बृद्धि गर्न व्यापारिक संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरण गर्ने ।

- उप-महानगरपालिकाका सबै वडा कार्यालयहरूहरूमा लैङ्गिक हिंसाका जोखिममा रहेका आर्थिक रुपमा विपन्न र सामाजिक रुपमा सीमान्तकृत वर्गमा सरकारी, गैर सरकारी तथा निजी क्षेत्रहरूबाट उपलब्ध हुने विभिन्न प्रकारका सेवा सुविधाहरू के,

कति, कसरी र कहाँबाट उपलब्ध हुन सक्छ भन्ने बारे एकद्वार सूचना प्रणालीको व्यवस्था गरी सबैका लागि सूचनामा पहुँच सुनिश्चितता गर्ने ।

**उद्देश्य २ : प्रभावितहरूको संरक्षण सम्बन्धी रणनीति तथा कार्यनीति**

**रणनीति २.१ लैङ्गिक हिंसाबाट प्रभावितहरूको सुरक्षा र संरक्षण सुनिश्चत गर्ने ।**

- आवागमन र आप्रवासनका दृष्टिले हेटौंडा अति संवेदनशील शहर पनि भएकाले अन्य स्थानबाट आएका प्रभावितहरू लाई समेत सुरक्षा र संरक्षण दिन सबै सरोकारवाला सरकारी निकाय र संघसस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।
- प्रभावितहरूको सहयोग तथा पुनर्स्थापनाका लागि कार्यरत विभिन्न सरकारी निकायहरू तथा गैर सरकारी संस्थाहरूको कार्यक्रम, संस्थागत क्षमता सहितको अद्यावधिक विवरण संकलन गरी प्रभावकारिता मूल्याङ्कन गर्ने ।
- मनोसामाजिक परामर्शदाता, स्वास्थ्य सेवा प्रदायक तथा कानूनी सहायताका लागि स्थापित संयन्त्रमा उपलब्ध जनशक्तिको लगत अद्यावधिक गरी अपुग भएको क्षेत्रमा विशेषज्ञ/प्राविधिक जनशक्ति तयार गरी परिचालन गर्न सहयोग गर्ने ।
- एकद्वार संकट व्यवस्थापन केन्द्र, प्रहरी अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, पुनर्स्थापना केन्द्र, कानूनी सहायता समिति, मनोविमर्शकर्ताहरू बीच समन्वयात्मक साझेदारिता र जवाफदेहीता कायम हुने गरी उप-महानगरपालिकाले एकद्वार नीति तथा कार्यविधि बनाई लागू गर्ने ।

**रणनीति २.२ लैङ्गिक हिंसा प्रभावितहरूलाई अधिकारमूखी अवधारणाबाट अत्यावश्यक सेवा सुविधाहरू प्रवाह गर्ने**

- प्रभावितहरूका लागि अत्यावश्यक सेवा सुविधाको नीतिगत ब्यवस्था गरी सो अनुसारको प्याकेज ल्याउन संघीय मन्त्रालय तथा संयुक्त राष्ट्रसंघीय नियोगहरूसँग समन्वय गरी सहजीकरण गर्ने ।
- मनोसामाजिक परामर्शदाता, स्वास्थ्य सेवा प्रदायक तथा कानूनी सहायताका लागि स्थापित संयन्त्रमा उपलब्ध जनशक्तिको लगत अद्यावधिक गरी अपुग भएको क्षेत्रमा विशेषज्ञ/प्राविधिक जनशक्ति तयार गर्ने ।

**रणनीति २.३ संरक्षण गृहको गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्ने ।**

- विगतमा नेपाल सरकार अन्तर्गत हेटौंडामा सञ्चालित सेवा केन्द्रलाई उप-महानगरपालिका अन्तर्गत सञ्चालन गर्ने गरी कार्यविधि र मापदण्डहरू बनाई लागू गर्ने ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

- छरिएर रहेका संरक्षण गृह, पुनर्स्थापना केन्द्र र सेवा केन्द्रहरूको गुणस्तरीयता र समन्वय कायम गर्न उप-महानगरपालिका अन्तर्गत सञ्चालन गर्ने गरी कार्यविधि र मापदण्डहरू बनाई लागू गर्ने । विभिन्न संरक्षण गृहहरूबाट उपलब्ध सेवा सुविधाहरू न्यूनतम मापदण्ड अनुसार भए नभएको बारे नियमित अनुगमन गरी प्रभावकारिताको सुनिश्चितता गर्ने ।

- उप-महानगरपालिका क्षेत्रभित्र सरकारी र गैर सरकारी क्षेत्रबाट सञ्चालित संरक्षण गृहहरूलाई एकीकृत सेवा प्रणाली अन्तर्गत समाहित गरी प्रभावितहरूको आवश्यकता र सम्बन्धित संरक्षण गृहको क्षमता अनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन संरक्षण गृहको रुपमा व्यवस्थापन गर्ने ।

**रणनीति २.४ लैङ्गिक हिंसा प्रभावितहरूलाई समाज तथा परिवारमा पुनःएकीकरणको लागि सक्षम वातावरणको निर्माण गर्ने ।**

- लैङ्गिक हिंसा प्रभावितहरूको आत्मवल बृद्धिको लागि मनोसामाजिक परामर्शका साथै जीवन उपयोगी शिक्षा र सीप दिई पारिवारिक/सामाजिक पुनःएकीकरण गर्ने ।

- परिवारमा निरन्तर भेटघाट र अनुगमन गरी लैङ्गिक हिंसा प्रभावितहरू प्रति गर्नुपर्ने व्यवहार तथा सहयोग बारे परिवारका सदस्यहरूलाई आवश्यकता अनुसार परामर्श दिने ।

- प्रभावितहरूको क्षमता र योग्यता एवं वजारको सम्भाव्यता अनुसार नयाँ सीप प्रविधि बारे उद्यमशीलता तालिम दिई स्वरोजगार वा व्यवसायका लागि सक्षम बनाउने ।

- उप-महानगरपालिका अन्तर्गत सिर्जना हुने रोजगारका अवसरहरू (नगर प्रहरी, निर्माण कार्य, सेवा व्यवसाय, गैन्ह परम्परागत उद्यम आदि) मा लैङ्गिक हिंसा प्रभावितहरूलाई उनीहरूको योग्यता र क्षमता अनुसार विषेश प्राथमिता दिने नीति बनाई पहुँच अभिबृद्धि गर्ने ।

- प्रभावितहरूलाई औद्योगिक क्षेत्र र व्यापारिक प्रतिष्ठानहरूमा संलग्न गराउने बारे सम्भाव्यता अध्ययन गरी योजना बनाउने ।

- हेटौंडा औद्योगिक क्षेत्र र निजी क्षेत्रलाई व्यावसायिक सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) अन्तर्गत लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक हिंसा नियन्त्रण गर्न गरी महिला तथा किशोरीको आर्थिक

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

सशक्तिकरण गर्नका लागि साझेदारिता नीति/कार्यक्रम निर्माण गरी सहजीकरण गर्ने ।

**<u>उद्देश्य ३ : कानूनी उपचारसँग सम्बन्धित नीति तथा रणनीति</u>**

**रणनीति ३.१ लैङ्गिक हिंसा विरुद्धको उजुरी संयन्त्रलाई प्रभावकारी बनाउने ।**

- जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरी सबै किसिमका लैङ्गिक हिंसा विरुद्ध सरल र सहज ढङ्गबाट उजुरी दर्ता गर्ने र सम्बोधन गर्ने प्रणालीको विकास गर्ने ।
- प्रहरी अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्रको क्षमता (स्रोत र प्रबीधि) विकास गर्ने ।
- लैङ्गिक हिंसाका घटनाहरूमा स्वतःस्फूर्त (suo moto) कारवाही प्रकृया अवलम्वन गर्नका लागि प्रहरी कार्यालय सँग समन्वय गर्ने ।

**रणनीति ३.२ : निःशुल्क कानूनी सहायताका लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने ।**

- निःशुल्क कानूनी सहायता सेवा प्रदान गरीरहेका संघ, संस्था तथा कानून व्यावसायीहरूको विवरण अद्यावधिक गर्ने ।
- प्रभावितहरूलाई प्रभावकारी निःशुल्क कानूनी सहायताको व्यवस्था गर्न सरोकारवालाहरूको क्षमता अभिबृध्दि र सहकार्य गर्ने ।

**रणनीति ३.३ प्रभावितहरूको कानूनी अधिकार बारे सूचनाको हक सुनिश्चित गर्ने ।**

- निजी तथा सार्वजनिक कार्यस्थलमा हिंसा तथा यौन दूर्व्यवहार रहीत र सम्मानजनक वातावरणमा काम गर्न पाउने कानूनी अधिकार बारे र उल्लंघन भएमा कहाँ कसरी उजुरी गर्न सकिन्छ भन्ने प्रक्रिया बारे सूचनाको हक सम्बन्धी क्षमता अभिबृद्धि गर्ने ।
- विभिन्न स्वरुपमाका हिंसाहरू (विद्युतीय माध्यमबाट हुने हिंसा, रासायनिक पदार्थको प्रयोग, लिङ्ग पहिचान गरी गर्ने गर्भपतन, वैदेशिक रोजगारको कारणबाट सिर्जित हिंसा, लागू औषधको दूर्व्यसन, मादक पदार्थ सेवन, जुवातास, परिवारको इज्जतको लागि गरीने हत्या, दाइजो, गौना, थौना, तलाक सँग जोडिएको हिंसा, सार्वजनिक यातायात, सार्वजनिक स्थल लगायत औपचारिक तथा अनौपचारिक क्षेत्रमा कर्मचारीहरू माथि गरीने आर्थिक हिंसा, यौनजन्य शोषण, दूर्व्यवहार र हैरानी, बाल यौन दूराचार आदि) नियन्त्रण सम्बन्धी कानूनी व्यवस्थाको बारेमा सूचनाको हक तथा त्यस्को प्रयोगको सुनिश्चित गर्ने ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

- प्रभावित तथा सरोकारवालाहरूलाई प्रभावितहरूको जीवनमा रुपान्तर गर्न सहयोगी हुने गरी सूचनाको हकको अधिकारलाई व्यवहारमा प्रयोग गर्न सक्ने Champion बनाउन प्रशिक्षण दिई परिचालन गर्ने ।

<u>उद्देश्य ४ : क्षमता विकास तथा अनुगमन सँग सम्बन्धित रणनीति तथा कार्यनीतिहरू</u>

**रणनीति ४.१ लैङ्गिक हिंसा निवारणका लागि उप-महानगरपालिका र वडा कार्यालयहरूका साथै सबै सरोकारवालाहरूको क्षमता विकास गर्ने ।**

- लैङ्गिक हिंसा निवारण अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गर्न उप-महानगरपालिका र वडा कार्यालयहरूको क्षमता अभिबृद्धि गर्ने योजना बनाई पर्याप्त मानवीय तथा अन्य स्रोत व्यवस्थापन गर्ने ।
- उप-महानगरपालिका, सबै वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू तथा मुख्य सरोकारवालाहरूलाई लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण, लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक परीक्षण, सूचनाको हक, दीगो विकास लक्ष्य, महिला अधिकार र बाल अधिकार लगायत मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र नेपालको प्रतिबद्धता बारे क्षमता विकास गर्ने ।

**रणनीति ४.२ : उप-महानगरपालिकाको अधिकारक्षेत्रभित्रका लैङ्गिक हिंसा सम्बन्धी मुद्दामा छिटो छरितो न्याय प्रवाहका लागि न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरूको क्षमता विकास गर्ने ।**

- न्यायिक समितिको कार्यबोझ, मौजुदा प्राविधिक क्षमता तथा उपलब्ध श्रोत साधनको लेखाजोखा गरी लैङ्गिक हिंसा निवारणका लागि प्रभावकारी हुन सक्ने किसिमले आधारभूत मानवीय, भौतिक तथा वित्तिय श्रोतको व्यवस्था गर्ने ।
- न्यायिक समितिलाई लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्था, मुद्दाको सुनुवाई, प्रमाण संकलन लगायत ध्यान दिनु पर्ने अत्यावश्यक कानूनी सिद्धान्त तथा प्रक्रियाको बारेमा क्षमता विकास गर्ने ।
- प्रभावित व्यक्तिहरूको न्यायमा पहुँच वृद्धि गर्न र द्रुत न्याय पद्धतिलाई संस्थागत गर्न न्यायिक समितिको संयोजकको अध्यक्षतामा सरोकारवाला सरकारी निकाय तथा संघसंस्थाहरू (संरक्षण गृह, सेवा केन्द्र, प्रहरी, जिल्ला बार एशोसियशन, स्वास्थ्य संस्था, जिल्ला कानूनी सेवा केन्द्र, मेलमिलाप केन्द्र आदि) को प्रतिनिधित्व हुने गरी समन्वय समिति गठन गरी सुधार गर्नुपर्ने कानूनी प्रक्रिया र सहकार्यलाई प्रवर्द्धन गर्ने ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

- न्यायिक समितिलाई उप-महानगरपालिका क्षेत्रमा सञ्चालित लैङ्गिक हिंसा निवारण सम्बन्धी क्रियाकलापहरूको सघन रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने गरी क्षमता विकास गर्ने ।
- मेलमिलाप केन्द्रहरूको लागि पर्याप्त मात्रामा दक्ष मेलमिलापकर्ताको व्यवस्था गरी क्षमता विकास गर्ने ।

**रणनीति ४.३ लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्ने ।**

- विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न र प्रभावितहरूलाई सहायता पुर्‍याउन लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्ने ।
- लैङ्गिक हिंसा निवारण कोषमा रकम संकलन र कोष परिचालनलाई मार्गदर्शन हुने गरी कोष सञ्चालन कार्यविधि निर्माण गर्ने ।

**रणनीति ४.४ उप-महानगरपालिका अन्तर्गत महिला तथा बालबालिका विकाशमहाशाखालाई लैङ्गिक हिंसा निवारणमा न्यायिक समितिलाई टेवा पुर्‍याउने प्राविधिक संयन्त्रको रुपमा क्षमता विकास गर्ने ।**

- **महिला तथा बालबालिका विकाशमहाशाखालाई** लैङ्गिक हिंसा निवारणमा न्यायिक समितिको जिम्मेवारीलाई निर्वाह गर्ने कार्यमा टेवा पुर्‍याउन सक्ने गरी क्षमता विकास गर्ने ।
- **महिला तथा बालबालिका विकाशमहाशाखा** अन्तर्गत एकीकृत सूचना प्रणालीको विकास गरी लैङ्गिक हिंसा निवारण सम्बन्धी सम्पूर्ण सूचनाहरूलाई एकीकृत गर्ने ।

**उद्देश्य ५ हेटौंडा उप-महानगरपालिका क्षेत्रमा तीन वर्षभित्र बाल विवाह उन्मूलन गर्नका लागि कार्यन्वयन कार्ययोजना लागू गर्ने ।**

## *१. निरोध (Prevention)*

रणनीति १.१ बाल बिवाहको अवस्था बारे उप-महानगरपालिका र वडा स्तरीय तथ्याङ्क अद्यावधिक गर्ने ।

रणनीति १.२ बाल बिवाहलाई प्रोत्साहन गर्ने हानिकारक परम्परागत सोच, मूल्य मान्यता र व्यवहार विरुद्ध सरोकारवालाहरूको समन्वय र साझेदारितामा अभियानहरू सञ्चालन गर्ने ।

रणनीति १.३ बाल विवाह उन्मूलनका लागि पुरुषहरू, शिक्षकहरू,धर्म गुरुहरूहरू र निजी क्षेत्रसँग सहकार्य गर्ने ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

रणनीति १.४ बाल विवाह उन्मूलनको लागि लैङ्गिक मैत्री र बाल मैत्री विद्यालय अभियान सञ्चालन गर्ने ।

रणनीति १.५ जोखिममा रहेका विद्यालय बाहिरका किशोरकिशोरीहरूको सशक्तिकरण गरी बाल विवाह विरुद्ध परिचालन गर्ने ।

रणनीति १.६ पारिवारिक संरक्षण तथा मानवीय सम्बन्ध सुदृढीकरणकार्यक्रम सञ्चालन गर्ने ।

रणनीति १.७ बाल विवाह नियन्त्रणका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय महासन्धि सम्बन्धी राष्ट्रिय प्रतिवेदन माथिको निस्कर्ष सुझावहरू र दिगो विकास लक्ष्य बमोजिम तोकिएका सूचकहरूबारे मुख्य सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्ने ।

रणनीति १.८ बाल बिवाह उन्मूलन गर्न उप-महानगरपालिकाबाट निर्मित सबै प्रकारका कानून, नीतिगत दस्तावेजहरू र योजना कार्यक्रमहरूमा लैङ्गिक समानता, महिला तथा किशोरी सशक्तिकरण र बाल अधिकारका सवालहरूलाई मूलप्रवाहीकरण गर्ने ।

## २. *अग्रीम हस्तक्षप (Early Intervention)*

रणनीति २.१ बाल विवाह विरुद्ध अग्रीम सूचना संप्रेषण र निगरानी प्रणालीलाई सुदृढ बनाउने ।

रणनीति २.२ बाल विवाह हुन लागेको परिवारमा पारिवारिक भेटघाट, सल्लाह र परामर्श (family visit, mentoring and counseling) द्वारा बाल विवाहलाई रोक्ने ।

रणनीति २.३ बाल विवाह विरुद्ध प्रतिवन्ध, बहिष्कार र अग्रीम चेतावनी (early warning) दिने पद्धतिको विकास गर्ने ।

## ३. *घटना व्यवस्थापन (Case Management)*

रणनीति ३.१ बाल विवाह विरुद्ध सरल र प्रभावकारी उजुरी संयन्त्रको व्यवस्थापन गर्ने ।

रणनीति ३.२ बाल विवाह बिरुद्ध स्वत स्फूर्त (suo moto)कारवाहीका लागि प्रहरी परिचालन गर्न जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयसँग समन्वय गर्ने ।

रणनीति ३.३ वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिका र वदर भएका बाल विवाहका प्रभावितहरूलाई लक्षित गरी संरक्षण गृह/सुधार गृहको व्यवस्थापन गर्ने ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

रणनीति ३.४ बाल विवाहका प्रभावितहरूलाई कानूनी हक एवं उपचार सम्बन्धी परामर्श, कानूनी सहायता, मनोविमर्श, सीप विकास तालिम र आय आर्जनका कार्यक्रमहरू मार्फत सामाजिक तथा आर्थिक सशक्तिकरण गर्ने ।

## ४. *अनुगमन तथा मुल्याङ्कन* (Monitoring and Evaluation)

रणनीति ४.१ बाल विवाह उन्मूलन अभियानलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने ।

रणनीति ४.२ लैङ्गिक हिंसा तथा बालविवाह नियन्त्रणका बारे लैङ्गिक खण्डीकृत तथ्याङ्कको संकलन, अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रको विकास गर्ने

रणनीति ४.३ अनुगमन तथा मूल्याङ्कनका नतिजाहरू र असल अभ्यासहरूबारे समुदायलाई सुसूचित गर्ने ।

## १३. संस्थागत संरचना

उप-महानगरपालिकाले रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन, समीक्षा तथा आवश्यकता अनुसार परिमार्जनका लागि निम्न अनुसार संरचना निर्माण गर्नेछ :

**उप-महानगरपालिका स्तर**

- प्रमुखको अध्यक्षतामा सल्लाहकार समिति
- उपप्रमुखको संयोजकत्वमा निर्देशन समिति
- प्रमुख महिला विकास अधिकृतको संयोजकत्वमा कार्यान्वयन कार्यदल
- अनुगमन तथा मूल्याङ्कन कार्यदल

**वडा स्तर**

- वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय लैङ्गिक हिंसा निवारण तथा बाल विवाह उन्मूलन समिति
- महिला वडा सदस्यको संयोजकत्वमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदल

**समुदाय स्तर**

- टोल विकास संस्था
- महिला निगरानी समूह
- बाल क्लब/सञ्जाल
- पुरुष र बालक champion
- युवा क्लब
- किशोरी समूह
- नीजी सस्थां
- विद्लय परिवार
- धर्मगुरु सञ्जाल

## १४. सहकार्य तथा समन्वय

यो रणनीति तथा कार्ययोजना कार्यान्वयनका लागि हेटौंडा उप-महा नगरपालिकाले सरोकारवालाहरूसँग देहाय अनुसार सहकार्य र समन्वय गर्ने छ :


लैङ्गिक हिंसाबाट प्रभावित तथा सेवामा पहुँच नभएका जोखिम समुदायका व्यक्ति तथा समूहहरू विशेषगरी महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आर्थिक तथा

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

सामाजिक रुपले पछाडि पारिएका समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, विस्थापित, जनजाति, दलितका साथै लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदायहरू माथि भइरहेका हिंसा तथा बाल विवाह नियन्त्रण गर्न जिल्लामा कार्यरत कानून कार्यान्वयन निकाय तथा संयन्त्रहरू, राजनीतिक दल, स्थानीय स्तरमा रहेका प्रहरी, स्वास्थ्य, विद्यालय, टोल संस्था, धर्मगुरु, नागरीक समाज, नीजी संस्था, लगायत संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार लगायत विभिन्न समुदायसँग समन्वय गर्ने ।

उप-महानगरपालिका भित्र आर्थिक अवस्था कमजोर भएका समुदायहरू विशेष गरी महिलाहरूको आर्थिक अवस्थाको सुधारको सम्भावित अवसर तथा पहुँच वृद्धि गर्नको लागि स्थानीय तथा राष्ट्रिय स्तरमा कार्यरत विभिन्न सरकारी निकाय, विकास साझेदारहरू, निजी क्षेत्र लगायत गैर सरकारी संघसंस्थाहरूसँग सहकार्य तथा समन्वय गर्ने ।

## समन्वय सञ्जाल



हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

## १५. अनुगमन तथा मूल्याङ्कनको व्यवस्था

यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा उप-महानगरपालिकाले देहाय अनुसारको व्यवस्था गर्नेछ :

१. प्रदेश सरकारको अनुगमन निर्देशिका बमोजिम लैङ्गिक हिंसा नियन्त्रणका लागि सञ्चालित सम्पूर्ण कार्यक्रमहरूको अनुगमन गर्न दिगो विकास लक्ष्यमा आधारित एकिकृत ढांचा बनाउने ।

२. परिणाममा आधारित व्यवस्थापन प्रणाली (Result Based Management - RBM)लाई आधार बनाई अनुगमनका ढाँचा निर्माण गरी आवश्यक जनशक्ति सहित अनुगमनको सुनिश्चतता गर्ने ।

३. स्थानीय स्तरमा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी खण्डीकृत तथ्याङ्क संकलन गर्नका लागि समेत सामाजिक विकास महाशाखा अन्तर्गत चुस्त र प्रभावकारी लैङ्गिक उत्तरदायी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको स्थापना गर्ने ।

४. उप-महानगरपालिका र वडा कार्यालयहरू सहित कार्यान्वयन गर्न सहयोगी सरोकारवालाहरूलाई सूचक सहितको लजिकल फ्रेमवर्क बनाई अनुगमन गर्ने विधिबारे प्रशिक्षण दिने ।

५. यस रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न सहयोगी भूमिकामा रहेका निकाय तथा संघसंस्थाहरूलाई प्रशिक्षण दिई एउटै टेम्पलेटमा प्रतिवेदन तयार पारी पेश गर्ने परिपाटी बसाल्ने ।

६. हिंसा प्रभावितहरूप्रति हुनुपर्ने सामाजिक तथा पारिवारिक संरक्षण र साहायता वडा कार्यालयहरुको समन्वय र जवाफदेहितांमा सामुदायिक अनुगमन तथा मूल्यांकन प्रणाली निर्देशिका तयार गरी सरोकारवालाहरूलाई सुसूचित गर्ने।

७. रणनीति तथा कार्ययोजनाको कार्यान्वयन र प्रभावकारिता बारे स्वतन्त्र परामर्शदाताहरूबाट मूल्याङ्कन गरी गराई प्राप्त सुझाव अनुसार सुधार गर्ने ।

८. उप-महानगरपालिका अन्तर्गत भएका समग्र प्रयासहरू बारे लैङ्गिक उत्तरदायी अनुगमन गरी एकिकृत प्रतिवेदन तयार पार्ने ।

## १६. जोखिम तथा न्यूनीकरण

प्रस्तुत लैङ्गिक हिंसा निवारण रणनीति तथा बाल विवाह उन्मूलन कार्ययोजनाको प्रकृति र स्वरुप वृहत भएको र साझा सरोकारको सवाल भएकोले यसको सफल कार्यान्वयनमा

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

विभिन्न प्रकारका अवरोध आउन सक्ने देखिन्छ । प्रमुख जोखिमहरू निम्न अनुसार रहन सक्ने देखिन्छ :

- लैङ्गिक समानता सम्बन्धी साझा बुझाईमा एकरुपता नहुने हुनाले रणनीति तथा कार्ययोजना कार्यान्वयनमा असहयोग हुन सक्ने ।
- सार्वजनिक तथा निजी क्षेत्र जतातत्तै पुरुष प्रधान मान्यता हावी रहेको सन्दर्भमा यस रणनीति प्राथमिकतामा नपर्न सक्छ ।
- दक्ष जनशक्तिको अभावमा कार्यान्वयन सुस्त हुने सम्भावना छ ।
- यो रणनीति तथा कार्ययोजना बहुपक्षीय सरोकारको विषय भएकोले समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ ।
- रणनीति तथा कार्यक्रमको कार्यान्वयनका लागि संस्थागत क्षमता, जनशक्ति परिचालन र स्रोत साधनको परिचालनका लागि आवश्यक आन्तरिक तथा बाह्य श्रोत विनियोजनमा लैङ्गिक संवेदनशीलताको अभावमा प्राथमिकता नपाउन सक्छ ।

उपर्युक्त जोखिम न्यूनीकरणका लागि उप-महानगरपालिकाले देहाय अनुसार व्यवस्था मिलाउने छ ।

- लैङ्गिक हिंसा निवारण रणनीति तथा बाल विवाह उन्मूलन कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला सरकारी निकाय, संघसंस्था, नीजी सस्था.तथा विकास साझेदारहरू बीच साझा अवधारणा, सहमति, प्रतिवद्धताका, सहयोग र समन्वयका लागि बृहत छलफल गर्ने ।
- लैङ्गिक समानता नीति, कार्ययोजना, आचार संहिता तथा मापदण्डहरू छिटो भन्दा छिटो तयार गरी सम्बन्धित सबैलाई अभिमुखीकरण गर्ने ।
- उप-महानगरपालिका र वडा कार्यालयहरूमा लैङ्गिक सवालहरू बारे ज्ञान दक्षता सहितको जनशक्ति, प्रभावकारी अनुगमनलाइ प्राथमिकता दिने ।
- संघीय मन्त्रालय, प्रदेश सरकार र विकास साझेदारहरूसँग समन्वय गरी स्रोत साधनको परिचालन गर्ने ।
- उप-महानगरपालिकाले लैङ्गिक समानता बारे विज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको निरन्तर भेला बैठक र छलफल गराई राय परामर्श लिने र समस्या समाधान गर्ने

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२ | बाल बिवाहलाई प्रोत्साहन गर्ने हानिकारक परम्परागत सोच, मूल्य मान्यता र व्यवहार विरुद्ध सरोकारवालाहरू को समन्वय र साझेदारितामा अभियानहरू सञ्चालन गर्ने । | १.२.१ वडाका सबै टोल टोलमा महिला निगरानी समूह, बालक्लब, युवा क्लब तथा किशोरकिशोरी समूह टोल विकास संस्था, महिला सहकारी, विद्यालय, मेलमिलापकर्ता मार्फत् बाल विवाहलाई प्रोत्साहन गर्ने, हानिकारक सोच, मूल्य मान्यता र व्यवहार विरुद्धको सामाजिक अभियानमा परिचालन गर्ने, | | | ३ महिना भित्र थालनी गरी निरन्तरता दिने | • प्रत्येक वडामा सचेतना कार्यक्रम<br>• हरेक कार्यक्रममा बालविवाहलाई दुरुत्साहन गर्ने कार्यमा छलफल | प्रति वडा आवश्यकतानुसार खर्च गर्ने (विकास साझेदारहरू ले समेत सहयोग गर्ने) |
| | | १.२.२ बाल बिवाहलाई प्रोत्साहन गर्ने हानिकारक परम्परागत सोच, मुल्य मान्यता र व्यवहार परिवर्तनका लागि सार्वजनिक पद धारण गरेका व्यक्तिहरुसहित सरोकारवालाहरुसँग हस्ताक्षरित प्रविद्धता जाहेर गरी गराई सबैको साझेदारितामा छोराछोरीको बिहेवारी २० वर्ष पारी , बालविवाहको अन्त्य, | • उ.म.न.पा. | • राजनीतिक दलहरू<br>• संचार क्षेत्र<br>• निजी क्षेत्र<br>• गै.स.स.हरू<br>• सहकारीहरु<br>• टोल विकास<br>• विकास साझेदारह | | • बाल विवाह विरुद्ध सबैको साझा प्रतिवद्धता (नगरस्तर, वडास्तर, टोलस्तर दस्तावेज<br>• अभियानहरू सञ्चालन गर्ने बारे निर्णय र परिपत्र<br>• वडाको प्रगति प्रतिवेदन | प्रति वडा प्रति वर्ष आवश्यकतानुसारको खर्च ( विकास साझेदारहरू र निजी क्षेत्रले समेत सहयोग गर्ने) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | छोरी बाच्छिन् निश्चिन्त भन्ने जस्ता अभियानहरू सञ्चालन गर्ने, | | रू | | | |
| | | १.२.३ बाल बिवाह निषेध सम्बन्धी कानूनी प्रावधानहरू र बालविवाहका नकारात्मक असरको बारेमा सूचना सामग्री निर्माण गरी व्यापक प्रचार प्रसार गर्ने, | • उ.प.न.प ा. | • नेपाल वार जिल्ला इकाई<br>• निजी क्षेत्र<br>• टोल विकास<br>• सहकारी<br>• बाल क्लब<br>• सञ्चार क्षेत्र<br>• विद्यालय<br>• गै.स.स.ह रू<br>• टोल विकास<br>• सहकारी<br>• विकास साझेदारह रू | ६ महिना भित्र | • बाल विवाह निषेध सम्बन्धी कानूनी प्रावधानहरू, बाल विवाहबाट पर्ने नकारात्मक आर्थिक सामाजिक प्रभाव बारे जानकारीमूलक सूचना सामग्री (पोस्टर, क्यालेण्डर, पर्चा, पम्प्लेट उत्पादन, भित्ते लेखन, नागरिक बडापत्र, रेडियो पि. एस. ए. प्रसारण, पत्रपत्रिका, फेसबुक मार्फत सम्प्रेषण<br>• | ।अवश्यकतानु सार बजेट खर्च गर्ने (विकास साझेदारहरू र निजी क्षेत्रले समेत सहयोग गर्ने) |
| | | १.२.४<br>१.२.३ मै समेट्ने भएकाले यो | | • स्वास्थ्य शाखा | | • सामाजिक तथा आर्थिक व्ययभार | रु. ३ लाख (विकास |

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय हेटौंडा, मकवानपुर बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | खारेज बाल विवाहका कारण महिला तथा बालिकाहरूको यौन तथा प्रजनन स्वास्थ्यमा पर्ने नकारात्मक प्रभाव र उ.प.न.पा पर्ने सामाजिक आर्थिक व्ययभार बारे सूचना सामग्री निर्माण गरी व्यापक प्रचार प्रसार गर्ने, | | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | | पुनरावलोकन । | साझेदारहरू ले समेत सहयोग गर्ने) |
| | | १.२.५ आधुनिक सूचना प्रविधिबारे ज्ञान नभएका र पहुँच नभएका वर्ग समुदायलाई लक्षित गरी बाल बिवाहका नकारात्मक असरहरू बारेमा मेला, भेला, पर्वमा सिनेमा प्रदर्शनी, सडक नाटक लगायत उपयुक्त तरिका अपनाई जानकारी गराउने, | | • गै.स.स.हरू<br>• विकास साझेदारहरू<br>• सिनेमा हल उद्योग वाणिज्य संघ<br>• | निरन्तर | • बाल विवाह विरुद्ध सिनेमा, भिडियो, सडक नाटकको प्रदर्शनी<br>• सिनेमा हलमा बालविवाह विरुद्धको सन्देश प्रसारण गर्ने | आवश्यकतानुसार (विकास साझेदारहरू ले समेत सहयोग गर्ने) |
| | | | | | | | |
| १.३ | बाल विवाह उन्मूलनका लागि पुरुषहरू, शिक्षकहरू,धर्मगुरुहरू र निजी | १.३.१ धर्मगुरुहरूको सञ्जाल मार्फत लैङ्गिक विभेद, बाल विवाह निषेध सम्बन्धी कानूनी शिक्षा, बाल विवाहबाट पर्ने नकारात्मक | | • अन्तर धार्मिक सञ्जाल<br>• गै.स.स.<br>• नगरस्तरी | निरन्तर | • धर्मगुरुहरूको सहभागी भएको प्रशिक्षण कार्यक्रम<br>• धर्म विशेषको जानकारी सहित बहस | प्रति वर्ष रु. २ लाख ( विकास साझेदारहरू ले समेत |

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्षेत्रसँग सहकार्य गर्ने । | सामाजिक आर्थिक प्रभाव र स्वास्थ्य प्रतिकुलता बारे धर्मगुरुहरूलाई प्रशिक्षण दिने, | | य टोल विकास समन्वय समिति | | पैरवी | सहयोग गर्ने) |
| | | १.३.२ अन्तर धार्मिक सञ्जाल तथा विभिन्न धर्म सम्प्रदायका धर्मगुरुहरू ( महिला पुरुष) ज्योतिष, धामी झाँक्रीहरूसँग बाल बिवाह, दाइजो र धर्ममा बिवाह सम्बन्धी मान्यता जस्ता बिषयमा सम्बाद गरी पैरवी गर्ने गराउने, | | • नगर बाल तथा किशोरी सञ्जाल<br>• विकास साझेदारहरू | | • आचारसंहिता मस्यौदा<br>• आचार सहिंता पालन गर्ने धर्मगुरु हरुको प्रतिबद्धता संकलन<br>• अन्य स्थानबाट धर्मगुरु बोलाई असल अभ्यास बारे प्रवचन<br>• बहस तथा पैरवी संख्या | |
| | | १.३.३ लैङ्गिक विभेद, बाल विवाह, दाइजो जस्ता हानिकारक परम्पराहरू हटाउन उदाहरणीय योगदान पुर्‍याउने व्यक्तिहरु (धर्मगुरु, पुरुष तथा बालक)हरूको पहिचान गरी नागरीक अभिनन्दन र सम्मान गर्ने साथै सहभागी गराउने | | • वडा कार्यालय<br>• अन्तर धार्मिक सञ्जाल<br>• गै.स.स.ी वकास साझेदार हरू<br>• टोल विकास | | • प्रशंसापत्र, पुरस्कार पाएका संख्या<br>• पहिचान भएका Champion पुरुष तथा बालकहरूको संख्या<br>• सहभागी भएका पुरुष तथा बालकहरूको संख्या, धर्मगुरुको संख्या | |
| | | | | | | | प्रति वर्ष रु. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | • सहकारी बाल तथा किशोरी सञ्जाल | | | २ लाख ( विकास साझेदारहरू ले समेत सहयोग गर्ने) |
| | | | | | | | |
| | | | | | | • | |
| १.४ | बाल विवाह उन्मूलनको लागि लैङ्गिक मैत्री र बाल मैत्री विद्यालय अभियान सञ्चालन गर्ने । | १.४.१ बाल विवाह नियन्त्रणका लागि देहायका अनुसार बाल मैत्री र लैङ्गिक मैत्री विद्यालय शिक्षा र संरचनाको व्यवस्था गर्ने :<br>(क) खेलकुद र खेलकुद प्रशिक्षक,<br>(ग) छात्राको लागि छुट्टै शौचालय,<br>(घ) छात्राहरूको लागि सेनीटरी प्याड,<br>(ङ) बाल बिवाह, लैङ्गिक हिंसा तथा बाल अधिकारको बारेमा विभिन्न किसिमका अतिरिक्त कार्यक्रमहरू ( वादविवाद, हाजिरी जवाफ, प्रवचन आदि) | | • उ.मनपा<br>• शिक्षा महाशाखा<br>• विद्यालय परिवार गै.स.स.ह रू<br>विकास साझेदारह रू परिवा | ३ वर्ष | • खेलकुद, बादविवाद प्रतियोगिता<br>• विभिन्न अतिरिक्त क्रियाकलापमा छात्र छात्राहरूको सहभागिता संख्या ।<br>• विद्यालयमा लैङ्गिक मैत्री पूर्वाधारहरूको विकास निर्माणको संख्या ।<br>• विद्यालयमा महिला शिक्षक तथा छात्राहरूका लागि उपलब्ध सुविधाहरू ।<br>• बाल मैत्री र लैङ्गिक मैत्री घोषणा भएका विद्यालयको संख्या ।<br>• विद्यालय परिवारद्वारा | प्रति विद्यालय प्रति वर्ष २ लाख (विकास साझेदारहरू र निजी क्षेत्रका संघ संगठनहरूले समेत सहयोग गर्ने) |

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | आयोजना,<br>(च) विद्यालय स्तरमा विभिन्न अभियान ("मेरो विद्यार्थी मेरो दायित्व", हाम्रो अभियान, बाल मैत्री विद्यालय, हाम्रो पहिचान" आदि), | | | | संचालित विभिन्न अभियानको संख्या । | |
| | | १.४.२. बाल विवाहका कारण र परिणामहरू बारे आधारभूत र माध्यमिक तहको शिक्षाको स्थानीय पाठ्यक्रममा थप गरी लागू गर्ने, | • उ.म.न.पा<br>• शिक्षा महाशाखा | • विद्यालय परिवार<br>• गै.स.स.हरू<br>• विकास साझेदार हरू | निरन्तर | • स्थानीय पाठ्यक्रममासमावेश गर्ने निर्णय ।<br>• स्थानीय पाठ्यक्रम | (विकास साझेदारहरू ले समेत सघाउने) नियमित |
| | | १.४.३ बाल विवाहका कारण महिला तथा किशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्यमा पर्ने नकारात्मक असरका साथै बृहत यौनिकता र प्रजनन स्वास्थ्य शिक्षा (Comprehensive Sexuality and Reproductive | • उ.म.न.पा. | • विद्यालय परिवार<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू<br>• स्रोत केन्द्रहरु | | • तालिम प्राप्त शिक्षकहरूको संख्या | |

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | Health education)बारे शिक्षकहरूलाई प्रशिक्षण दिई विद्यालयमा पठनपाठन गराउने, | | | | | |
| | | १.४.४ बाल विवाह विरुद्ध शिक्षक, अभिभावक, विद्यार्थी र स्वास्थ्य कार्यकर्ताहरू बीच नियमित वैठक र सम्वाद कार्यक्रम सञ्चालन गर्ने, | • उमनपा<br>• विद्यालय परिवार | • वडा कार्यालयहरू | निरन्तर | • सम्वाद संख्या | प्रति विद्यालय प्रति वर्ष रु १ लाख |
| | | १.४.५ बाल विवाह नियन्त्रण उद्देश्यका लागि विद्यालयमा बीचैमा पढाई छोड्ने प्रबृत्तिलाई निरुत्साहित पारी विद्यार्थीलाई टिकाई राख्न कापीकलम, विद्यालयको पोशाक, झोला लगायत विभिन्न सुविधाहरू प्रदान गर्ने, | • वडा कार्यालय हरू. | • गै.स.स.हरू<br>• विकास साझेदारहरू<br>• सम्बन्धित विद्यालय<br>• बाल क्लब, युवा क्लब | | • सहयोग प्राप्त गर्ने विद्यार्थीहरु(छात्र छात्राहरू)को संख्या | आवश्यकतानुसार (विकास साझेदारहरूले समेत सहयोग गर्ने) |
| | | १.४.६ बिद्यालयमा अध्ययनरत छात्रछात्राहरूको बाल विवाह हुन नदिन शिक्षक, विद्यार्थी | • विद्यालय परिवार | • उ.म.न.पा<br>. गै.स.स.ह | ६ महिना | • आचार संहिता निर्माण तथा परिमार्जन<br>• अनुगमन टोली गठन | (विकास साझेदारहरूले समेत |

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय हेटौंडा, मकवानपुर वागमती प्रदेश नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | र अभिभावकले पालना गर्नुपर्ने आचार संहिता बनाउने, सोको पालना बारे अनुगमन गर्ने, | | रू<br>• विकास साझेदारहरू<br>• टोल विकास संस्था | | • बैठक र निर्णय<br>• अनुगमन संख्या | सहयोग गर्ने) |
| | | | • | • | | • | |
| १.५ | जोखिममा रहेका विद्यालय बाहिरका किशोरकिशोरीहरूको सशक्तिकरण गरी बाल विवाह विरुद्ध परिचालन गर्ने । | १.५.१ सबै वडाहरूमा बाल विवाह विरुद्ध विद्यालय बाहिरका किशोर किशोरीहरूको समूह गठन गर्ने, | • वडा कार्यालयहरू | • उ.म.न.पा<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | १ वर्ष | • किशोर किशोरीहरूको समूह र संख्या | प्रति समूह प्रति वर्ष रु १ लाख (विकास साझेदारहरूले समेत सहयोग गर्ने) |
| | | १.५.२ प्रत्येक वडामा किशोरी सूचना केन्द्र स्थापना गरी बाल विवाह विरुद्ध लैङ्गिक सचेतना जगाउने, | | | | • सूचना केन्द्र | |
| | | १.५.३ विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई समुदायमा आधारित बाल क्लब, युवा क्लबमा आवद्ध गराई बाल विवाह विरुद्ध विभिन्न अभियानहरूमा सरीक गराउने, | | | निरन्तर | • बाल क्लब, युवा क्लबमा आवद्ध भएका बालबालिकाको संख्या | |
| | | १.५.४ वडाहरूमा | | | | • किशोर किशोरीको | प्रति समूह |

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गै.स.स.हरूलाई परिचालन गरी किशोर किशोरी समूहलाई लैङ्गिक समानता, बाल अधिकार, जीवन उपयोगी शिक्षा, दौंतरी शिक्षा र सीपमूलक शिक्षा प्रदान गरी बाल विवाह विरुद्ध नेतृत्व र क्षमता विकास गर्ने, | | | | क्षमता बिकास कार्यक्रम संख्या<br>• कार्यक्रमको संख्या | प्रति वर्ष रु १ लाख (विकास साभेदारहरू ले समेत सहयोग गर्ने) |
| | | | | • | | • | |
| | | १.५.६ विद्यालय बाहिरका किशोरीहरूलाई लक्षित गरी उनीहरु अनुकूलका सीप तथा व्यवसायसँग जोड्ने | • उ.म.न.पा.<br>• वडा कार्यालयहरू | • किशोर किशोरी समूह<br>• गै.स.स.हरू<br>• विकास साभेदारहरू | निरन्तर | सीप तथा व्यवसायमा आवद्ध किशोरीहरूको संख्या | (विकास साभेदारहरू ले समेत सहयोग गर्ने) |
| १.६ | पारिवारिक संरक्षण तथा मानवीय सम्बन्ध सुदृढीकरण कार्यक्रम | १.६.१ बाल बिवाह विरुद्ध सबै वडामा अभिभावकीय शिक्षा (Parenting Education) सञ्चालन गर्ने | • वडा कार्यालयहरू | • उ.म.न.पा.<br>• गै.स.स.हरू<br>• विकास साभेदारहरू | निरन्तर | • अभिभावकीय शिक्षा प्राप्त अभिमावकहरूको संख्या | (विकास साभेदारहरू ले समेत सहयोग गर्ने) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने । | | | | | | |
| | | १.६.४ जोखिम परिवारहरूमा महिला स्वास्थ्य स्वयंसेविकाहरू, टोलविकास संस्थाका पदाधिकारीहरु, आदि परिचालन गरी सल्लाह र परामर्श दिने । | वडा कार्यालय | उमनपा | निरन्तर | भेटघाट गरिएको परिवार संख्या | |
| | | १.६.५ कठिनाइमा परेका बालबालिकाहरूलाई अनिवार्य शिक्षाको व्यवस्था मिलाउने | | | | | |
| १.७ | बाल विवाह नियन्त्रणका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय महासन्धि सम्बन्धी राष्ट्रिय प्रतिवेदन माथिको निस्कर्ष सुझावहरू र दिगो विकास | १.७.१ बाल विवाह नियन्त्रणका सम्बन्धमा **CEDAW Committee, CRC Committee, UPR, ICSER** लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धि सम्बन्धी राष्ट्रिय प्रतिवेदन माथिको निस्कर्ष सुझावहरू र दिगो विकास लक्ष्य बमोजिम तोकिएका राष्ट्रिय | वडा कार्यालय | उमनपा | १ वर्ष | प्रशिक्षणको आयोजना<br>जानकारी पुस्तिका तयार गर्ने र वितरण गर्ने<br>• प्रशिक्षण र प्रशिक्षार्थीको संख्या<br>• प्रगति प्रतिवेदन | (विकास साझेदारहरू ले समेत सहयोग गर्ने) |

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय हेटौंडा, मकवानपुर बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लक्ष्य बमोजिम तोकिएका सूचकहरू बारे मुख्य सरोकारवालाहरू को क्षमता अभिबृद्धि गर्ने । | सूचकाङ्कहरू समेटी जानकारी पुस्तिका निर्माण गर्ने, तथा सरोकारवालाहरुलाई प्रशिक्षण गर्ने र वितरण गर्ने । | | | | | |
| | | | | | | • | (विकास साझेदारहरू ले समेत सहयोग गर्ने) |
| | | | | | | | प्रति तालिम रु १ लाख ( विकास साझेदारहरू ले समेत सहयोग गर्ने) |
| २. अग्रीम हस्तक्षेप **(Early Intervention)** | | | | | | | |
| २.१ | बाल विवाह विरुद्ध अग्रीम सूचना सम्प्रेषण र निगरानी प्रणालीलाई सुदृढ बनाउने । | २.१.१ जिल्ला प्रशासन कार्यालय, सम्बन्धित प्रहरी कार्यालय र बाल हेल्पलाइन १०९८ को समन्वयमा सम्भावित बाल बिवाहको अग्रीम सूचना संकलन प्रणालीको विकास गर्ने, | • उ.म.न.पा. | • जि.प्रशा.का.<br>• जि.प्र.का<br>• वडा कार्यालय<br>• समुदायमा आधारित | निरन्तर | • समन्वय वैठक निर्णय<br>• सूचना संकलन अभिलेख | आवश्यकतानुसार बजेट खर्च गर्ने |

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ संस्थाहरु<br>• बाल हेल्पलाइन | | | |
| | | २.१.२ बाल बिवाह बारे सूचना दिने व्यक्तिलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गर्ने, | प्रहरी, १०४ र बाल हेल्पलाइन१०९८ | • गै.स.स.ह रू<br>• विकास साझेदारह रू<br>• उमनपा | निरन्तर | • बाल विवाह हुन लागेको बारे सूचनाको संख्या<br>• पुरस्कार पाउनेको संख्या | प्रति व्यक्ति रु १५ सय |
| | | २.१.३ बाल बिवाहको बारेमा सूचना दिने व्यक्ति तथा समुदायको गोपनीयताको अधिकार सुनिश्चित गरी प्रहरी तथा अन्य सरोकारवाला संघ संस्थाहरूसँग सहकार्य गर्ने, | | | | • समन्वय बैठक संख्या<br>• गोपनीयताको अधिकार बारे प्रशिक्षण प्रतिबेदन | प्रति कार्यक्रम रु १ लाख |
| | | २.१.४ सबै वडाका टोलटोलमा बाल बिवाह विरुद्ध नेपाल प्रहरीको नेतृत्वमा महिला | | | | • परिवार भेटघाट गरेको संख्या<br>• बैठक निर्णय | प्रति समुदाय रु ५० हजार |

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | निगरानी समूह, बालक्लब/सजांल, युवा क्लब, किशोर किशोरी समूह, टोल विकास संस्थाआदि परिचालन गरी निगरानी गर्ने । | | | | | |
| २.२ | बाल विवाह हुन लागेको परिवारमा पारिवारिक भेटघाट, सल्लाह र परामर्श (family visit, mentoring and counseling) द्वारा बाल विवाहलाई रोक्ने । | २.२.१ बाल विवाह रोकथामका लागि परिवारमा भेटघाट, सल्लाह र परामर्शको लागि प्रहरी, बाल हेल्पलाइन १०९८, विद्यालय, वडा सदस्य, टोल विकास संस्था, सामाजिक परिचालकहरू र महिला स्वास्थ्य स्वंय सेविकासँग समन्वय गरी परिचालन गर्ने । | • . प्रहरी, बाल हेल्पलाइन १०९८ | • उ.प.न.पा वडा कार्यालयहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | निरन्तर | हुन लागेको बालविवाह रोकिएको संख्या ? | (विकास साझेदारहरू ले समेत सहयोग गर्ने) |
| | | २.२.२ न्यायिक समिति, प्रहरीको महिला तथाबालबालिका सेवा केन्द्र, बाल हेल्पलाइन १०९८, सेफ हाउस, एकद्वार संकट व्यवस्थापन केन्द्र, सरकारी विद्यालय मा परामर्श गर्ने, | | विद्यालय ओ सी एम सी | निरन्तर | परिवारिक भेटघाट र परामर्श संख्या | |
| | | | | | | | |
| | | | • | • | | • | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **३. घटना व्यवस्थापन(Case Management)** | | | | | | | |
| ३.१ | बाल विवाह विरुद्ध सरल र प्रभावकारी उजुरी संयन्त्रको व्यवस्थापन गर्ने । | ३.१.१उजुरी लिने प्रकृयालाई प्रभावकारी बनाउन बाल हेल्पलाइन नेपाल १०९८ लाई व्यवस्थित बनाउने । | • उ.म.न.पा.<br>• जि.प्र.का.<br>• बाल हेल्पलाइन १०९८ | • राजनीतिक दलहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | निरन्तर | • प्रहरी कार्यालयमा उजुरी दर्ता संख्या<br>• हेल्पलाइनको हटलाइनमा रिपोर्टिङ्ग संख्या<br>• अन्य स्थानमा रिपोर्टिङ्ग संख्या | (विकास साझेदारहरू ले समेत सहयोग गर्ने) |
| | | | | | | | |

हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय हेटौंडा, मकवानपुर बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ३.१.३ प्रहरी कार्यालय र सिविन नेपालद्वारा सञ्चालितबाल हेल्पलाइन द्वारा संचालित टेलिफोन हट लाइनहरू र उमनपामा बाल विवाहको सूचना दिने बारे समुदायलाई व्यापक रुपमा जानकारी गराउने, | | | | परिचालित टोलीको प्रतिवेदन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ३.१.४ उ.म.न.पा., प्रहरी कार्यालय, र संघसस्थामा प्राप्त हुने बाल विवाह सम्बन्धी उजुरी गुनासो बारे तत्कालै सम्बोधन गर्न प्रहरीको नेतृत्वमा उमनपाको प्रतिनिधि र बाल हेल्पलाइनको प्रतिनिधिसहितको टोली परिचालित हुने । | | | निरन्तर | | |
| | | | • | • | | • | |
| ३.३ | वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिका र वदर भएका बाल विवाहका प्रभावितहरूलाई लक्षित गरी अल्पकालीन आश्रय सहित पुनर्स्थापनाको व्यवस्थापन गर्ने । | ३.३.१ वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने अभिभावकको करकापमा विवाह भएका परिवारबाट उद्धार गर्नुपर्ने बालिकालाई संरक्षण दिन आवश्यकता अनुसार ( कानूनी सहायता, मनोविमर्श सेवा, स्वास्थ्य हेरचाह, औपचारिक/अनौपचारिक शिक्षा, | • उ.म.न.पा.<br>• जि.प्र.का.<br>• बाल हेल्पलाइन<br>• सेफ हाउस | • राजनीतिक दलहरू<br>• वडा कार्यालयहरू<br>• गै.स.स.हरू<br>• विकास साझेदारहरू | • | • वदर भएका बाल विवाहका प्रभावितहरूलाई संरक्षण र सुधार गर्ने सम्बन्धी मापदण्ड<br>• परिवारबाट उद्धार गरीएका र बाल संरक्षण गृहमा प्रेषण गरीएका वालबालिकाको संख्या<br>• लक्षित कार्यक्रम सञ्चालन भएको | रु ५० लाख (विकास साझेदारहरू ले समेत सहयोग गर्ने) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सीप विकास तालिम, लघु ऋण, बीउ पूँजी ,स्वरोजगार/व्यवसाय, सम्बन्धी उत्प्रेरणा, व्यवसाय/उद्यमशीलता, वित्तिय व्यवस्थापन तालिम आदि,) अल्पकालिन आश्रय स्थलमा राखी उपयुक्त सहयोग गरी पुनर्स्थापना गर्ने । | हेउमनपा र बाल हेल्पलाइन | प्रहरी | | संख्या लाभान्वीत बालबालिकाको संख्या | |
| | | ३.३.२आवश्यक सेवा सुविधा प्रवाहका लागि सरोकारवालाहरू बीच समन्वय गर्ने, | | | | | |
| | | | | | | • | |
| **४. अनुगमन तथा मूल्याङ्कन (Monitoring and Evaluation)** | | | | | | | |
| ४.१ | बाल विवाह उन्मूलन अभियानलाई प्रभावकारी बनाउनअनुगमन तथा मूल्याङ्कन | ४.१.१ उ.म.न.पा. उमनपा, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, बाल हेल्पलाइन १०९८, लगायत गै.स.स.हरू, पत्रकार महासंघ बाट | • उ.म.न.पा.<br>• वडा कार्यालय हरू<br>• टोल | • जि.प्रशा.का.<br>• जि.प्र.का.<br>• निजी क्षेत्र<br>• बाल हेल्पलाइन | कार्ययोजनाको कार्यान्वय नसँगै | • अनुगमन तथा मूल्याङ्कन कार्यदल गठन सम्बन्धी निर्णय<br>• अनुगमन तथा मूल्याङ्कन कार्यदलको वैठक संख्या | (विकास साझेदारहरू ले समेत सहयोग गर्ने) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रणालीलाई संस्थागत गर्ने । | प्रतिनिधित्व हुने गरी बढीमा ७ जनाको अनुगमन तथा मूल्याङ्कन कार्यदल गठन गर्ने, | विकास संस्था | • गै.स.स.हरू<br>• विकास साझेदारहरू | | | |
| | | ४.१.२ परिणाममा आधारित व्यस्थापन (Result Based Management)प्रणालीमा आवद्ध भएको बाल विवाह उन्मूलन सम्बन्धी कार्ययोजना र कार्यक्रमको अनुगमन र मूल्याङ्कनसँगै बालविवाह मुक्त घोषणा सम्बन्धी कार्यविधि निर्माण गर्ने, | | | | • RBM मा आधारित अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्यविधि<br>• अनुगमन प्रतिवेदन<br>• अनुगमन प्रतिवेदनको कारबाही | |
| | | कार्यविधि अनुसार टोल विकास, वडा तथा उपमहानगर घोषणाको लागि आव्हान गरे पश्चात् घोषणाको लागि सिफारिस गर्ने । | | | | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.२ | बालविवाह नियन्त्रणका बारे लैङ्गिक खण्डीकृत तथ्याङ्कको संकलन, अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रको विकास गर्ने । | ४.२.१ बालविवाहका खण्डीकृत तथ्याङ्कं प्रणालीको विकासका लागि जनशक्ति व्यवस्थापन गरी प्रशिक्षण दिने, | | | १ वर्ष | • खण्डीकृत तथ्याङ्क सम्बन्धी सफ्टवेयर र प्रतिवेदन ढाँचा<br>• प्रशिक्षण कार्यक्रम र सहभागी संख्या | |
| | | ४.२.२ सरकारी, गैरसरकारी र निजी क्षेत्रका सरोकारवालाहरूलाई खण्डीकृत तथ्याङ्कं प्रणालीका आधारमा प्रतिवेदन तयार पार्न लगाई एकीकृत गर्ने, | | | निरन्तर | • परिपत्र<br>• सरोकारवालाहरूको प्रतिवेदन | |
| ४.३ | अनुगमन तथा मूल्याङ्कनका नतिजाहरू र असल अभ्यास बारे समुदायलाई सुसूचित गर्ने । | ४.३.२ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजाहरू र असल अभ्यासहरूलाई संचार माध्यम, वेभसाइट, पुस्तिका प्रकाशन आदि मार्फत सार्वजनिक गर्ने, | बाल हेल्पलाइन | | निरन्तर | • मूल्याङ्कन कार्यदलको कार्यविवरण<br>• मूल्याङ्कन प्रतिवेदन<br>• मिडिया रिपोर्टिङ्ग<br>• वेभसाइट जानकारी<br>• पुस्तिका प्रकाशन | |

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल